**मजदुर विज्ञापन शाखा**

नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



**स्वच्छ शहरः स्वस्थ्य शहर**

- धुवाँ बढी फाल्ने सवारीसाधनको प्रयोग नगरौं,
- सवारीसाधनको समयसमयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षरोपण गरौं,
- सार्वजनिक स्थलका बोटबिरुवा तथा फूलको संरक्षण गरौं,
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- ध्वनि र वायु प्रदूषण कम गरौं,
- सडकको समयसमयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

शहरलाई सफा राखौः सुन्दर बनाऔं।

नेपाल सरकार विज्ञापन बोर्ड



★ वर्ष : २८ ★ अङ्क : ९७ ★ ने. सं. ११४६ वछला थ्व, चतुर्दशी ★ बिहीबार ★ १७ वैशाख, २०८३ ★ April 30, 2026, Thursday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८





क्युवाको राजधानी हवाना सहरमा अमेरिकी नाकाबन्दी र घेराबन्दीविरुद्ध साइकल ऱ्यालीका निम्ति जम्मा भएका युवाहरू अप्रिल २८, २०२६ का दिन । क्युवाविरुद्ध अमेरिकी घेराबन्दीको विश्वव्यापी विरोधबिच अमेरिकी माथिल्लो सदन सिनेटले ट्रम्प प्रशासनले क्युवाविरुद्ध सैनिक कारबाही गर्न नपाउने भनी एक प्रस्ताव पारित गरेको छ । डेमोक्र्याटिक सिनेटरहरू रुवेन ग्यालेगो, टीमा केन र आदम स्किफले अगाडि बढाएको उक्त प्रस्ताव ४७ विरुद्ध ५१ मतले पारित भएको थियो । रिपब्लिकन सिनेटरहरू सुसन कोलिनस् र ऱ्यान्ड पाउलले पनि प्रस्तावको पक्षमा मतदान गरेका थिए ।

*तस्बिर : टेलिसुर*

# संसद् अधिवेशन स्थगित गरेर अध्यादेश ल्याउनु प्रजातान्त्रिक अभ्यास होइन

काठमाडौँ, १६ वैशाख । मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट आह्वान भएको प्रतिनिधिसभाको बैठक तयारी नपुगेको भन्दै मन्त्रिपरिषद्कै सिफारिसमा स्थगित गरिएको थियो । आह्वान भएको संसद् स्थगित गर्नुको कारण अध्यादेश ल्याउनको निम्ति रहेछ भन्ने कुरा अहिले थाहा भयो । वैशाख ८ गते मन्त्रिपरिषद्ले गरेको सिफारिसअनुसार राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय संसद्का दुवै सदनको अधिवेशन आह्वान गरेका थिए । वैशाख १७ गतेको लागि आह्वान गरिएको सो अधिवेशन वैशाख १० गते स्थगित गरिएको थियो । संसद् अधिवेशन आह्वान गरिएको सिफारिसको मसी सुक्न नपाउँदै या आह्वानको स्वर सेलाउन नपाउँदै स्थगित गरिएको कुरा अध्यादेश ल्याउने कुराबाट प्रस्ट भयो ।

रास्वपाको नेतृत्वमा देशमा बहुमत प्राप्त सरकार छ । बहुमत प्राप्त सरकारको लागि कुनै कानुन निर्माण गर्न अध्यादेश ल्याउनुपर्ने जरूरी छैन । तर, प्रधानमन्त्री बालेन्द्र साहको अध्यक्षतामा सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले संवैधानिक परिषद् र सहकारी समस्यासम्बन्धी अध्यादेश ल्याउने निर्णय गऱ्यो । बहुमत प्राप्त सरकारले किन अध्यादेश ल्याउनुपऱ्यो भनी अहिले संविधानविद्हरू प्रश्न गर्दै छन् । अध्यादेशबारे वैशाख १६ गते प्रकाशित ‘अन्नपूर्ण पोस्ट’ दैनिकमा ‘शक्तिशाली सरकार पनि अध्यादेशकै बाटोमा’, नेपाल समाचारपत्रमा ‘अध्यादेशबाट शासन चलाउन खोज्दै सरकार : संसद्प्रतिको अपमान र अविश्वास’ र ‘नयाँपत्रिकामा संवैधानिक र सहकारीसम्बन्धी अध्यादेश सिफारिस : राष्ट्रपति पौडेल परामर्शमा’ शीर्षकका समाचारहरू छापिए । अध्यादेश ल्याउने निर्णयप्रति विपक्षी दलहरूले विमति जनाएका छन् । कानुनविद्हरूका अनुसार अध्यादेशमार्फत कानुन निर्माणको बाटोमा लाग्नु सही होइन । अपवादको अवस्थामा मात्रै अध्यादेश जारी गर्ने हो; बलियो सरकार कुनै कानुन निर्माण गर्न अध्यादेश कुनुपर्ने होइन भन्ने उनीहरूको तर्क छ । सरकारको यो प्रयासलाई प्रतिपक्षी नेताहरू लोकतन्त्रको उपहास र संसद्को अपमान बताउँछन् ।

हाल देशमा कुनै आपत्कालीन अवस्था छैन । देशमा तुरून्तै प्रक्रिया अघि बढाउनुपर्ने स्थितिमा मात्र अध्यादेशको बाटो खोजिन्छ । संवैधानिक परिषद् र सहकारी ऐन संशोधनजस्ता गम्भीर विषयबारे संसदीय प्रक्रियाबाटै टुङ्ग्याउनु लोकतान्त्रिक हुनेछ । झन्डै दुईतिहाइ बहुमत प्राप्त सरकारले अध्यादेशको बाटो रोज्नु भनेको संसद्प्रति विश्वास नभएको जो कोहीलाई अनुभूति हुन्छ । संसद् छलेर किन अध्यादेश जारी गर्नुपऱ्यो भन्ने प्रश्न उठेको छ । त्यही कार्य अरूले गर्दा गलत हुने र आफूले गर्दा सही ठान्ने गलत मानसिकता हरेक सत्तासीन दलका नेताहरूमा किन हुन्छ ? बोलाइएको संसद् अधिवेशन नै स्थगित गरेर अध्यादेश ल्याउने रास्वपा सरकारको यो कदम अप्रजातान्त्रिक आचरणविपरीत रहेको राजनीतिक वृत्तमा चर्चाको विषय बनेको छ ।

राजनीतिक विश्लेषकहरूका अनुसार संसद्को बैठक स्थगित गरेर अध्यादेश ल्याउनु कानुन निर्माण प्रक्रियाको हिसाबले राम्रो होइन । अहिले तत्कालै कुनै कानुनी व्यवस्था आवश्यक परेको स्थिति छैन । त्यो कानुनको अभावमा अहिले कुनै कालखण्ड बित्ने स्थिति छैन । संसद् बैठक छलेर सरकारले अध्यादेश ल्याउनु गलत अभ्यास हो । यस्तो अभ्यास पहिले पनि नभएको होइन । पहिले पनि संसद्मा विभिन्न राजनीतिक दलका सांसदहरूले अध्यादेशको चर्को विरोध गरेका थिए । राजनीतिक विश्लेषकहरू भन्छन्, “यो संसद्प्रतिकै अपमान हो; अविश्वास हो ।” देश बनाउँछु भनेर जोश र जाँगर लिएर सरकारको नेतृत्व गरेका रास्वपाका नेता र मन्त्रीहरू किन अलोकतान्त्रिक प्रक्रिया


***बाँकी पृष्ठ ८ मा***


# परिवर्तनको आशामा देशलाई ऋणमा डुबाउनु गलत

भक्तपुर, १६ वैशाख । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.को सञ्चालक समितिको आयोजनामा १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा प्रवचन कार्यक्रम सिद्धि गणेश तालिम हल, खँचामा बुधबार सम्पन्न भयो ।




कार्यक्रममा वाग्मती प्रदेश सांसद एवं नेमकिपाका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले मई दिवस अमेरिकाबाट सुरू भएको स्मरण गर्दै हाल अमेरिकाको गलत नीति र सोचको कारण विश्वमा अशान्ति पैदा भएको बताउनुभयो ।

अतिथि गोसाईले संस्था स्थापना हुन अगाडिको आर्थिक अवस्था, हालको र भविष्यमा हुनसक्ने अवस्थाको अनुमान लगाउनको लागि अर्थशास्त्रीहरूको सहायता लिन गर्न आग्रह गर्नुभयो ।

समाजको लागि योगदान नगरेका तर लोकप्रियताको निम्ति उदाएका व्यक्तिहरूको बारेमा चर्चा गर्दै उहाँले परिवर्तनको आशामा देशलाई झन्झन् ऋणमा डुबाएको बताउनुभयो ।

महँगीका कारण जनता समस्यामा परेको अवस्थामा पनि सरकार बजार व्यवस्थापन गर्नुको सट्टा अन्य प्रचारबाजी कार्यमा लागिरहेको उहाँले बताउनुभभो ।

देशमा दक्ष जनशक्तिको अभाव हुँदै गएकोमा चिन्ता व्यक्त गर्दै उहाँले सरकारले दक्ष जनशक्तिलाई रोजगारीको व्यवस्था गर्ने नीति निर्माण गर्नुपर्नेमा जोड दिनुभयो । किसानको उत्पादनको सुरक्षा गर्नु सरकारको दायित्व रहेको उल्लेख गर्दै उहाँले देश विकासको निम्ति उत्पादनमा जोड दिनुपर्ने बताउनुभयो ।

सांसद गोसाईले देशका सरकारी अस्पतालहरूमा ३६५ दिन नै सेवा प्रदान गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

संस्थाका अध्यक्ष रूद्रनारायण लाखाले अध्ययनबाट थप जानकारी प्राप्त हुने हुँदा संस्थाका कर्मचारीहरू पनि अन्तरक्रियाहरूमा उत्सुकताका साथ सहभागी हुन आग्रह गर्नुभयो ।

कार्यक्रममा संस्थाका उपाध्यक्ष विष्णुराम दुमरूले सन् १८८६ को मे १ मा संरा अमेरिकाका मजदुरहरूले ८ घण्टा कामको समय र ज्याला बढाउने माग राखी सुरू भएको आन्दोलनलाई नै मजदुर दिवसको रूपमा मनाइने गरेको जानकारी दिनुभयो ।

“पुँजीवादी व्यवस्थामा मजदुरहरूको दमन र शोषण हुने भएकोले सोको समाधान समाजवादी व्यवस्थामा मात्र हुन्छ”, उहाँले भन्नुभयो ।

कार्यक्रममा संस्थाका सचिव विष्णुप्रसाद दुमरूले संस्था विगत ३२ वर्षदेखि श्रमिकवर्गको आर्थिक र सामाजिक विकासका लागि निरन्तर लागिरहेको बताउनुभयो ।

कार्यक्रममा संस्थाका कोषाध्यक्ष जयराम गोर्खाली र संस्थाका व्यवस्थापक शिला गोसाईले पनि बोल्नुभएको थियो ।

# जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – १३

**सिंहदरबार सुरक्षा गणको कार्यालय प्रमुख प्रहरी नायब उपरीक्षक सिद्धराज न्यौपाने**

भदौ २३ गते प्रदर्शनकारीहरू नयाँ बानेश्वरस्थित एभरेस्ट होटेल अगाडिको ब्यारिकेट तोडी निषेधित क्षेत्रमा प्रवेश गरे । भीड एकदमै उत्तेजित भई सुरक्षाकर्मीहरूमाथि र सङ्घीय संसद् भवन प्रवेश गरी तोडफोड गरेको सञ्चारमाध्यमबाट जानकारी पाएको थिएँ । राजनीतिक दलका नेता तथा सरकारी कर्मचारीहरूको घर तथा सवारी साधन आगजनी गरेको कुरा सञ्चार सेट तथा सञ्चारमाध्यमबाट थाहा पाएको हो । सिंहदरबार परिसरको बाहिरी पेरिमिटरको सुरक्षा नेपाली सेनाको जिम्मामा रहेकोले सिंहदरबारस्थित नरसिंह दलबाट नेपाली सेनाको टोलीसमेत खटिएको थियो । दिउँसो करिब १२:४५ बजेको समयमा भद्रकाली मन्दिरअगाडि सुरक्षा घेरा तोडी प्रदर्शनकारीहरू सिंहदरबारको पश्चिम गेटतर्फ आएका थिए । जेनजी आन्दोलन भनिए पनि प्रदर्शनमा विभिन्न उमेर समूहका समेत संलग्नता रहेको देखिन्थ्यो । कतिपय आन्दोलनकारीहरूले काँधमा नेपालको झन्डा ओढेर आएका थिए । भीडले नेपाली सेनाको समेत कक्षा घेरामा रहेको बाहिरी पेरिमिटर करिब ५–१० मिनेटमै तोडेर भित्र प्रवेश गऱ्यो । सिंहदरबार सुरक्षा गणको प्रहरी टोलीसमेतले भीडलाई प्रवेश गर्न नदिनका लागि गेटमा ताल्चा लगाएर सम्झाइबुझाइ गर्ने गरेको थियो । भीडमा फलामको रड, लाठी, एसएलआरलगायतका हतियार गेटबाट


***बाँकी पृष्ठ २ मा***


**व्यङ्ग्यचित्र कुनो**





**सार्वजनिक जग्गा अतिक्रमण गरी निर्माण गरेको टहराहरु हटाइँदै**

काठमाडौँको तारकेश्वर नगरपालिकाले वडा नं ७ स्थित थापागाउँमा सरकारी र सार्वजनिक जग्गा अतिक्रमण गरी निर्माण गरेको टहराहरू बुधवार जेसीबीको प्रयोग गरेर हटाउँदै । *तस्बिर: हरिराम भेटुवाल/रासस*

# सहकारीको २२ औँ र अन्तर्राष्ट्रिय श्रमिकको १३७ औँ दिवस मनाइयो



भक्तपुर, १६ वैशाख । नवज्योति बचत तथा ऋण सहकारी संस्था लि.को आयोजनामा संस्थाको २२ औँ र अन्तर्राष्ट्रिय श्रमिकको १३७ औँ दिवस एक समारोहबिच बुधबार सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि.का पूर्वअध्यक्ष एवं सहकारी समाज, नेपालका उपाध्यक्ष कृष्णगोविन्द लाखाजुले सहकारीमा इमानदारिता र पारदर्शिता भएमा सहकारी सदैव राम्रो भइरहनेछ भन्नुभयो ।

उहाँले सहकारीको ऐन, नियम, विनियम र निर्देशन पालना गर्ने सहकारी राम्रो भइरहेको स्पष्ट पार्नुभयो ।

उहाँले सहकारीका सञ्चालकहरूले सहकारीसम्बन्धी सात सिद्धान्तको साथै वित्तीय साक्षरता र उपल्लो सङ्घसंस्थाबारेमा जानकारी राख्नुपर्नेमा जोड दिनुभयो ।

साधारणसभाको प्रक्रिया, सञ्चालक समितिको गठन, सञ्चालकहरूको तीनपुस्ते विवरण, सञ्चालकले ऋण लिन नपाउने, प्राथमिक पुँजी कोषको १०५ नियमित बचत हुनुपर्ने विषयमा चर्चा गर्नुभयो ।

उहाँले श्रमिक दिवस मनाउन सहकारीकर्मी र सहकारीका सदस्यहरू जागृत हुनुपर्नेमा जोड दिनुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घका प्रतिनिधि राजेन्द्र बखुन्छेले मानिसहरू लोभलालचमा लागेसम्म जनताले सुख नपाउने बताउनुभयो ।

जनता वर्गीयरूपले सचेत र सङ्गठित भई अगाडि बढेमा जनताको जीवनस्तर वृद्धि हुने बताउँदै उहाँले कामगरी खाने जनताको शिर ठाडो पार्न समाजवादी व्यवस्थाको विकल्प अरु नभएकोले नेपाल मजदुर किसान पार्टीले समाजवादी व्यवस्थाको लागि सङ्घर्ष गरिरहेको छ भन्नुभयो ।

कार्यक्रमका सभापति एवं संस्थाका अध्यक्ष काजीबहादुर पञ्चले संस्थालाई प्रगतिउन्मुख बनाइराख्न नि:स्वार्थरूपले सेवा गर्न लागिपर्नुपर्नेमा जोड दिनुभयो । राष्ट्रिय सहकारी नियमन प्राधिकरणले २०८३ वैशाख १३ गते नवज्योति बचत तथा ऋण सहकारी संस्था लि.लाई इजाजत पत्र नं.२०६३-०१६८४ प्रदान गरिएको जानकारी दिनुभयो ।

उक्त कार्यक्रममा संस्थाका सचिव शिवबहादुर खुलिमुलीले श्रमिक दिवसको महत्त्वबारे बताउनुभयो । व्यवस्थापक रामभक्त खर्बुजाले संस्थाको गत चैतसम्मको रु.९ करोड ४८ लाखको वासलात रहेको बताउनुभयो ।

# भूकम्पपीडितहरूको अन्तर्राष्ट्रिय स्मृति दिवस मनाइँदै

काठमाडौँ, १६ वैशाख । बुधबार भूकम्पपीडितहरूको अन्तर्राष्ट्रिय स्मृति दिवस हो । यो दिवस विश्वका विभिन्न देशमा विविध चेतनामूलक कार्यक्रमका साथ अप्रिल २९ का दिन पहिलोपटक मनाइँदै छ ।

संयुक्त राष्ट्रसङ्घको महासभाले सन् २०२५ अप्रिलमा प्रत्येक वर्ष अप्रिल २९ लाई उक्त दिवसका रूपमा मनाउने निर्णय गरेको हो । सोहीअनुरूप राष्ट्रसङ्घका सदस्य राष्ट्र, संयुक्त राष्ट्रसङ्घीय प्रणालीअन्तर्गतका निकाय तथा सम्बन्धित अन्तर्राष्ट्रिय सङ्गठनहरूलाई यसको स्मरणमा सहकार्य गर्न आह्वान गरेको छ ।

प्राकृतिक विपत्तिमध्ये भूकम्पलाई सबैभन्दा घातक मानिन्छ । म्यान्मा र अफगानिस्तानमा पछिल्लो समयका शक्तिशाली भूकम्पले पूर्वाधार ध्वस्त पार्नुका साथै समुदायलाई विस्थापित गरेको छ । यसबाट ती देशको दीर्घकालीन सामाजिक, आर्थिक तथा मनोवैज्ञानिक असर पारेको छ ।

संयुक्त राष्ट्रसङ्घका अनुसार सन् १९०० यता कम्तीमा १२ वटा ठूला भूकम्पले प्रत्येकमा ५० हजारभन्दा बढीको ज्यान लिएको छ । विश्वव्यापी विपद् क्षतिमध्ये एक चौथाइभन्दा बढी हिस्सा भूकम्पजन्य क्षतिले ओगट्ने गरेको र पछिल्ला दशकहरूमा खर्बौं डलर बराबरको आर्थिक नोक्सानी भएको छ ।

प्रत्यक्ष विनाशबाहेक भूकम्पले आगलागी, सुनामी र पहिरोजस्ता थप जोखिमसमेत उत्पन्न गराई आवास, स्वास्थ्य, शिक्षा र जीविकोपार्जनमा अकल्पनीय क्षति पुऱ्याएको छ । *(रासस)*

# नेपालगञ्जमा पहिलोपटक थारु खाना महोत्सव

जानकी (बाँके), १६ वैशाख । नेपालगञ्जमा पहिलोपटक थारु खाना महोत्सव आयोजना हुने भएको छ । यही वैशाख १७ गतेदेखि १९ गतेसम्म सञ्चालन हुने महोत्सव यहाँस्थित सोल्टी वेस्टेन्ड प्रिमियर नेपालगञ्जमा आयोजना हुन लागेको हो ।

थारु समुदायमा खाइने परिकारका मौलिक स्वाद, संस्कृति र परम्परागत खानालाई प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सवको आयोजना गर्न लागिएको आयोजक सोल्टी वेस्टर्न प्रिमियर नेपालगञ्जका महाप्रबन्धक राजविक्रम शाहले जानकारी दिनुभयो ।

थारु समुदायको परम्परागत खाना परिकारको संरक्षण, प्रवर्द्धन तथा नयाँ पुस्तासम्म यसको मौलिक स्वाद र सांस्कृतिक महत्त्व पुऱ्याउने उद्देश्यले नेपालगञ्जमा पहिलोपटक थारु खाना महोत्सव आयोजना गर्न लागिएको हो । "महोत्सवमा अनुभवी सेफद्वारा तयार पारिएका थारु समुदायका परिकारहरू प्रस्तुत गरिनेछन्, थारु समुदायको मौलिक खानालाई संरक्षण गर्दै त्यसलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चिनाउने हाम्रो उद्देश्य हो", महाप्रबन्धक शाहले भन्नुभयो ।

महोत्सवमा प्रवेश नि:शुल्क रहनेछ भने पाहुनाहरूले रु. ५०० को भौचर खरिद गरी विभिन्न परिकारहरूको स्वाद लिन सक्नेछन् । साँझ ६ बजेबाट राति ११ बजेसम्म सञ्चालन हुने महोत्सवमा हरेक राति ९ बजेदेखि १० बजेसम्म थारु सांस्कृतिक नृत्य प्रस्तुति पनि गरिने छ । महोत्सवमार्फत थारु समुदायको जीवित संस्कृति, कला र परम्परासँग नजिकबाट परिचित गराउने अपेक्षा गरिएको छ । *(रासस)*

# तीन सहायक रथीको उपरथीमा पदोन्नति

काठमाडौँ, १६ वैशाख । नेपाली सेनाका तीन सहायक रथी उपरथी दर्जामा पदोन्नति हुनुभएको छ । यही वैशाख १० गतेको मन्त्रिपरिषद् बैठकले प्राविधिक सहायक रथी डा. भरतबहादुर भण्डारी, सहायक रथी माधव थापा र शक्तिजङ्ग बस्नेतलाई उपरथीमा पदोन्नति गर्ने निर्णय गरेको थियो ।

प्रधानसेनापति अशोकराज सिग्देलले जङ्गी अड्डामा बुधबार आयोजित समारोहमा उहाँहरूलाई उपरथी दर्जाको दर्ज्यानी चिन्ह प्रदान गर्नुभएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

कार्यक्रममा सेनाका बलाधिकृत, रथीवृन्द, अधिकृतलगायत पदोन्नति हुनुभएका रथीवृन्दहरूको परिवारजनको उपस्थिति थियो । *(रासस)*

**जाँचबुझ...**

सुरक्षाकर्मीप्रति लक्षित गरी ताक्दै प्रदर्शनकारीहरू पश्चिम गेटबाट भित्र प्रवेश गर्न थाले । दिउँसो करिब १५ बजेको समयमा ठूलो सङ्ख्यामा आएका प्रदर्शनकारीहरू दोस्रो पटक सिंहदरबारको पश्चिम गेटबाट भित्र प्रवेश गरेका थिए ।

हजारौंको सङ्ख्यामा नारा लगाई मोटरसाइकल तथा अन्य सवारी साधनमा चढी सिंहदरबार परिसर वरिपरि घुमेको देखेको हुँ । उक्त दिन मलगायत हाम्रो गणको प्रहरी टोलीले नेपाली सेनाको गणमै रातको खाना खाएको हो । रातको ११:३० बजेको समयमा नेपाली सेनाको नरसिंह दल गणबाट बाहिर निस्की आउने क्रममा अधिकांश मन्त्रालय र कार्यालयहरू आगजनी भई धुवाँ उडिरहेको देखेको हुँ । भोलिपल्ट बिहान सिंहदरबार परिसरको अवलोकन गर्ने क्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पश्चिमतर्फको भाग आगजनीबाट धेरै क्षति भएको देखेको हुँ ।

तोडफोड गर्ने व्यक्तिहरू अधिकांशले हेल्मेट, मास्क लगाएको देखिन्छ भने कसैले मुखमा रुमाल बाँधेको देखिन्छ । कतिपय प्रदर्शनकारीहरूले मोबाइलबाट भिडियो बनाइरहेको देखिन्छ । फायर एक्सटिङको बिर्कोसमेत खोलेर सबै केमिकल फालेको देखिन्छ । तोडफोडका लागि साबेल, फलामका रडलगायत सिंहदरबार परिसरमा जे भेटिन्छ त्यही सामान प्रयोग गरेको देखिन्छ । त्यही भित्रको गाडीको पेट्रोल निकाली कपडाका टुक्रा भिजाएर आगजनी गरेको देखिन्छ । अपराह्न १५:३० बजेपछि सिंहदरबार परिसरको सम्पूर्ण सीसी टीभी क्यामेराको नेटवर्कलाई नै प्रदर्शनकारीहरूले तोडफोड गरी क्षति पुऱ्याइदिएका हुन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको पश्चिम र उत्तर पश्चिमपट्टिको माथिल्लो भागमा तीन चार दिनसम्म पटकपटक आगो देखिएपछि नेपाली सेनालाई जानकारी गराई दमकलको प्रयोग गरी निभाएको थियो । तोडफोड आगजनी गर्ने जोसुकैलाई कानुनबमोजिम कारवाही हुनुपर्छ ।

**राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा कार्यरत प्रमुख प्रहरी नायव उपरीक्षक चिनिमाया तामाङ**

भदौ २३ गतेको दिन तालिम सदाझैं नियमित रूपमा सञ्चालन भएको थियो । भदौ २४ गते बिहान १० बजेको समयमा बाहिर आगजनी हुँदै छ भन्ने समाचार सुनिन थाल्यो । आर्मीको सवारी साधनहरू शीतल निवास र प्रतिष्ठान अगाडि रहेको आर्मी गणमा ओहोरदोहोर गरिरहेको थियो । आर्मी समूहले ब्यारिकेट हटाएपश्चात् उनीहरूको उपस्थिति हुन छाड्यो । त्यतिबेला आर्मीको मुभमेन्ट बन्द भएपश्चात् यता प्रतिष्ठानको पूर्वी गेटमा रहेको भीड विस्तारै अगाडि बढ्न थाल्यो । त्यहाँ खटिएका प्रहरी कर्मचारीहरू पनि विस्तारै पछि हट्दै गए; भीड उत्तेजित र आक्रोशित हुँदै अगाडि बढी नै रहयो ।

**गुल्मी जगन्नाथ देवल काठमाडौंमा कार्यरत प्रहरी नायव उपरीक्षक जेसी शाह**

भदौ २४ गते नखु कारागारबाट भागेका यस कार्यालयको मूल गेटमा तोडफोड गरी भित्र प्रवेश गरेका र कैदीबन्दीहरूले अब यो देशमा केही पनि छैन, संविधान छैन, अदालत छैन; प्रधानमन्त्री छैन; सम्पूर्ण अभिलेखहरू ध्वस्त भए; अब यो कारागार पनि तोडफोड गर्नुपर्छ भन्ने नारा लगाएका थिए ।

केन्द्रीय कारागारअन्तर्गत सेन्टर, भद्रगोल र महिला जेलमा पुरुष ३४४१ र महिला ४३७ गरी जम्मा ३८७८ जना कैदीबन्दी रहेकोमा पुरुष ३१०५ र महिला ४१२ गरी ३५१७ जना कैदीबन्दीहरू भागेको र ३६१ जना कैदीबन्दी यस कार्यालयको प्रहरी टोलीले सम्झाइबुझाइ गरी भाग्न नदिएको अवस्था थियो । हालसम्म १८९९ जना यस कार्यालयमा फिर्ता भएका छन् । १६१८ जना अझै फरार रहेका छन् ।

# आशिष निर्माण सेवाका सञ्चालक गौली पक्राउ

काठमाडौँ, १६ वैशाख । सार्वजनिक खरिद अनुगमन कार्यालयको अनलाइन प्रणालीमा अनधिकृत पहुँच पुऱ्याई विभिन्न ठेक्काको विवरण हेरफेर गरेको आरोपमा आशिष निर्माण सेवा प्रालिका सञ्चालक ऋषिकेश गौली पक्राउ परेका छन् ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले बुधबार उनलाई काठमाडौँको पुरानो बानेश्वरबाट पक्राउ गरेको हो । ठेक्काहरूको आर्थिक प्रस्ताव खोल्नुभन्दा अगावै आर्थिक प्रस्तावको डकुमेन्ट परिवर्तन गरेको आरोपमा हालसम्म दस जना निर्माण व्यवसायीसहित १३ जनालाई अनुसन्धान भइरहेको ब्युरोका प्रवक्ता शिवकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

पक्राउ परेकाविरुद्ध सङ्गठित अपराध निवारण ऐन, २०७० अन्तर्गतको कसुरमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# ललितपुरको बालकुमारीमा दुई अर्ब लागतमा 'सबस्टेसन' निर्माण हुने

काठमाडौँ, १६ वैशाख । ललितपुरको बालकुमारीमा जीआइएस सबस्टेशन निर्माणका लागि जग्गा प्राप्तिसम्बन्धी प्रक्रिया पूरा भएको छ ।

गत सोमबार बसेको मन्त्रिपरिषद् बैठकले काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) को स्वामित्वमा रहेको चार रोपनी जग्गा उपयोग गर्न नेपाल विद्युत् प्राधिकरणलाई स्वीकृत दिएसँगै प्रक्रिया पूरा भएको हो ।

लामो समयदेखि अवरुद्ध रहेको उक्त सबस्टेशन निर्माणका गर्न ऊर्जा, जलस्रोत तथा मन्त्रालयले पहल गरेको थियो । काठमाडौँ उपत्यकाको विद्युत् वितरण प्रणालीलाई सुदृढ, भरपर्दो र दिगो बनाउनका निम्ति सो क्षेत्रमा उच्च क्षमताको जीआइएस सबस्टेशन निर्माण प्रक्रिया अगाडि बढाइएको थियो । तर, जग्गा प्राप्त नहुँदा चार वर्षभन्दा बढी समयदेखि परियोजना रोकिएको थियो ।

उक्त सबस्टेशन एसियाली विकास बैङ्क (एडिबी)को ऋण लगानीमा दुई अर्ब रूपैयाँको लागतमा निर्माण हुनेछ । भक्तपुरको ठिमीबाट आउने भूमिगत विद्युत् प्रसारण लाइन बालकुमारीस्थित जीआइएस सबस्टेशनमा जोडिनेछ । तत्पश्चात् टेकु सबस्टेशनमा जोड्ने प्राधिकरणको तयारी छ ।

उक्त सबस्टेशनको निर्माण सम्पन्न भएपछि आगामी पाँच वर्षसम्मको विद्युत् माग पूरा गर्न सहज हुनेछ । केयुकेएलले बालकुमारीमा स्थापना गर्ने ढल प्रशोधन केन्द्रलाई आवश्यक पर्ने विद्युत् प्राधिकरणले नि:शुल्क दिने र त्यसबापत प्राधिकरणले २५ वर्षसम्मका लागि तीन रोपनी १३ आना दुई पैसा जग्गा उपभोग गर्ने सहमति भएको छ । जग्गा प्राप्तिको प्रक्रिया पूरा भएसँगै सबस्टेशन निर्माणका लागि बोलपत्र आह्वान गरिनेछ । *(रासस)*

## सङ्क्षिप्त समाचार

# चक्रपथ विस्तार गर्न चीनले एघार अर्ब अनुदान दिने

काठमाडौँ, १६ वैशाख । चक्रपथ विस्तार (दोस्रो चरण) कार्यान्वयन गर्न चीन सरकारले रु. ११ अर्ब अनुदान प्रदान गर्ने भएको छ ।

भौतिक पूर्वाधार तथा यातायात एवं सहरी विकास मन्त्रालयका अनुसार सहयोगसम्बन्धी सम्झौतामा भौतिक पूर्वाधार तथा यातायात एवं सहरी विकासमन्त्री सुनील लम्साल र नेपालका लागि चीनका राजदूत चाङ माओमिङले उक्त मन्त्रालयमा बुधबार हस्ताक्षर गर्नुभएको हो ।

सम्झौताअनुसार अब कलङ्कीदेखि वसुन्धरासम्म चक्रपथ विस्तार गरिने छ । पहिलो चरणमा कोटेश्वरदेखि कलङ्कीसम्म विस्तार भएको हो ।

त्यसअवसरमा मन्त्री लम्सालले परियोजना कार्यान्वयनमा कुनै किसिमका समस्या हुन नदिने बताउँदै त्यसो भएमा तिनको समाधानका निम्ति तत्काल सहजीकरण गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले उत्तर-दक्षिण जोड्ने सडक निर्माण सरकारको प्राथमिकतामा रहेको बताउँदै मुलुकको पूर्वाधार विकासमा चीन सरकारबाट अझ लगानी अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभयो ।

राजदूत चाङले लगानीको उपयुक्त वातावरण बनेमा धेरैभन्दा धेरै चिनियाँ लगानीकर्ता यहाँ आउन इच्छुक रहेका बताउनुभयो । ***(रासस)***

# अविलम्ब सङ्घीय संसद्को अधिवेशन आह्वान गर्न विपक्षी दलहरूको आग्रह

काठमाडौँ, १६ वैशाख । विपक्षी दलहरूले सङ्घीय संसद्को अधिवेशन अविलम्ब आह्वान गर्न सरकारसँग आग्रह गरेका छन् ।

प्रतिपक्षी दल नेपाली काङ्ग्रेसका संसदीय दलका नेता भीष्मराज आङ्देम्बेको अध्यक्षतामा बुधबार बसेको बैठकले संवैधानिक परिषद्को काम कर्तव्य र अधिकारसम्बन्धी ऐन, २०६६ र सहकारी ऐन, २०७४ लाई संशोधन गर्नेसम्बन्धी अध्यादेश फिर्ता गरी सदनमा पेस गर्न आग्रह गरेको हो ।

विपक्षी दलहरूको बैठकले संसद्को अधिवेशन आह्वान गरेलगत्तै स्थगन गरी अध्यादेश सिफारिस गरिनु संसदीय मूल्यमान्यताविपरीत रहेको ठहर गरेको कांग्रेस संसदीय दलका नेता आङ्देम्बेले जानकारी दिनुभयो ।

बैठकमा नेपाल कम्युनिस्ट पार्टी (एमाले) संसदीय दलका नेता रामबहादुर थापा, नेपाली कम्युनिस्ट पार्टीका प्रमुख सचेतक युवराज दुलाल र राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद सरस्वती लामा सहभागी हुनुहुन्थ्यो । ***(रासस)***

# वैदेशिक रोजगारीका नाममा ठगी गर्ने तीन जना पक्राउ

काठमाडौँ, १६ वैशाख । वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा तीन जना पक्राउ परेका छन् ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार दैलेखको नौमुले गाउँपालिका-८ का २९ वर्षीया ज्वालाकुमारी चन्द, कास्कीको पोखरा महानगरपालिका-१२ का ३९ वर्षीया भीमकुमारी गुरुङ र गोरखाको सिरानचोक गाउँपालिका-६ का ३७ वर्षीय भगवान्राज ठकुरीलाई मङ्गलबार पक्राउ गरिएको हो ।

पक्राउ परेकामध्ये ज्वालाकुमारीले अजरबैजान पठाइदिन्छु भन्दै एक जना पीडितबाट रु. तीन लाख ३४ हजार, भीम कुमारीले हङकङ पठाइदिन्छु भनेर अर्को एक जना पीडितबाट रु. पाँच लाख र भगवान्राजले बेलायत पठाइदिने प्रलोभनमा एक रु. लाख २० हजार ठगेका थिए ।

पीडितहरूको उजुरीको आधारमा काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई पक्राउ गरेको हो । अभियुक्तहरूलाई कारबाहीको लागि ताहाचलस्थित वैदेशिक रोजगार विभाग पठाइएको छ । ***(रासस)***

# क्यान्सर अस्पतालको अध्यक्ष खुला आवेदनबाट चयन गरिने

चितवन, १६ वैशाख । यहाँको बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालको रिक्त अध्यक्ष पद खुला आवेदनमार्फत चयन गरिने भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मङ्गलबार सूचना प्रकाशित गर्दै योग्यता पुगेका इच्छुक व्यक्तिले सात दिनभित्र आवेदन पेस गर्न सक्ने जनाएको छ ।

सूचनामा अस्पतालको ऐन, २०५३ को दफा ७ को उपदफा (१) को खण्ड (क)मा उल्लेख भएबमोजिम योग्यता भनिएको छ । जसअनुसार अध्यक्ष बन्नका लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी क्यान्सर रोगको क्षेत्रमा कम्तीमा १५ वर्ष काम गरेको वा मान्यता प्राप्त शिक्षण संस्थानबाट चिकित्साशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी स्वास्थ्य क्षेत्रमा कम्तीमा २० वर्षको अनुभव प्राप्त वरिष्ठ चिकित्सहरूमध्येबाट सरकारले मनोनित गर्ने भनिएको छ ।

अध्यक्ष पदको पदावधि तीन वर्षको रहने छ । यसअघि २०७९ साल चैत २० मा बसेको मन्त्रिपरिषद्को बैठकले डा. विजयराज न्यौपानेलाई अस्पतालको अध्यक्ष पदमा नियुक्त गर्ने निर्णय गरेको थियो । उहाँको तीनवर्षे पदावधि सकिएपछि नयाँ अध्यक्ष नियुक्ति प्रक्रिया अघि बढेको हो । पहिलोपटक खुला आवेदनमार्फत अध्यक्ष नियुक्ति गर्न लागिएको हो । ***(रासस)***



**माटाका डेहरी**

बर्दिया मधुवन नगरपालिका वडा नं १, पत्थरबोझीमा परम्परागत रूपमा बनाइएका माटोका डेहरीहरू । थारु समुदायमा अन्न भण्डारणका लागि प्रयोग गरिने यी डेहरीहरू कलात्मक हुनुका साथै खाद्यान्न सुरक्षित राख्न उपयोगी मानिन्छ । *तस्बिर: राधेश्याम विश्वकर्मा/रासस*

# वीरगन्ज हुँदै भित्रियो २६ अर्ब १३ करोडको सवारीसाधन र पार्टपुर्जा

वीरगञ्ज (पर्सा), १६ वैशाख । वीरगन्ज नाका हुँदै चालु आर्थिक वर्षको नौ महिनामा रु. २६ अर्ब १३ करोड मूल्य पर्ने सवारीसाधन र पार्टपुर्जा भित्रिएको छ ।

गत आर्थिक वर्षको नौ महिनाको तुलनामा चालु आवको सोही अवधिमा छ अर्ब ९४ करोड अर्थात् ३६.१९ प्रतिशत बढीको आयात भएको हो । जबकि गत आवको नौ महिनामा भने रु. १९ अर्ब १९ करोड मूल्य पर्ने सवारीसाधन र पार्टपुर्जा भित्रिएको थियो ।

वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवमा सवारीसाधन र सोमा प्रयोग हुने पार्टपुर्जाको आयातमा बढोत्तरी भएको बताउनुभयो । चालु आवको नौ महिनामा सवारीसाधनमा प्रयोग हुने पार्टपुर्जाको आयातबाट मात्रै रु. १८ अर्ब २२ करोड राजस्व सङ्कलन भएको छ । जबकि गत आवको सोही अवधिमा भने सवारीसाधन आयातबाट मात्रै रु. १४ अर्ब ८४ करोड राजस्व सङ्कलन भएको थियो ।

चालु आवको नौ महिनामा रु. एक अर्ब १७ करोड मूल्य पर्ने ५९१ वटा इन्धनबाट चल्ने जीप, कार र भ्यान आयात भएको छ । जबकि गत आवको सोही अवधिमा भने रु. एक अर्ब ६६ करोड मूल्य पर्ने ८०५ वटा इन्धनबाट चल्ने जीप, कार र भ्यान आयात भएको थियो । चालु आवको नौ महिनामा रु. छ अर्ब ४२ करोड मूल्य पर्ने ४५ हजार ६२० वटा मोटरसाइकल (अन एसेम्वल्ड) आयात भएको छ । जबकि गत आवको नौ महिनामा भने रु. चार अर्ब ६७ करोड मूल्य पर्ने ३५ हजार ७९९ वटा मोटरसाइकल (अन एसेम्वल्ड) आयात भएको छ ।

त्यस्तै चालु आवको नौ महिनामा रु. दुई अर्ब चार करोड मूल्य पर्ने २१ हजार ६३९ वटा ट्याक्टर तथा टिलर आयात भएको छ । जबकि गत आवको नौ महिनामा भने रु. एक अर्ब ३५ करोड मूल्य पर्ने १३ हजार ८६१ वटा ट्याक्टर तथा टिलर आयात भएको छ ।

चालु आवको नौ महिनामा रु. दुई अर्ब ९८ करोड मूल्यका विद्युतीय सवारीसाधन भित्रिएको छ । गत आवको नौ महिनाको तुलनामा चालु आवको सोही अवधिमा मूल्यको आधारमा विद्युतीय सवारीसाधनको आयात १०२ प्रतिशत अर्थात् रु. एक अर्ब ५० करोड बढी आयात भएको हो । जबकि गत आवको नौ महिनामा भने रु. एक अर्ब ४८ करोड मूल्यका विद्युतीय सवारीसाधनको आयात भएको छ ।

चालु आवको नौ महिनामा रु. एक अर्ब ४६ करोड मूल्य पर्ने ४९३ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएको छ । जबकि गत आवको सोही अवधिमा भने रु. ४८ करोड मूल्य पर्ने १७२ वटा विद्युतीय चल्ने जीप, कार र भ्यान आयात भएको थियो । ***(रासस)***

# उच्च क्षमताका प्रसारण लाइन निर्माणमा सरकारको उच्च प्राथमिकतामा

**- रमेश लम्साल**

काठमाडौँ, १६ वैशाख । सरकारले उत्पादित बिजुलीलाई प्रमुख लोड सेन्टरहरूसम्म पुऱ्याउन, बढी भएको बिजुली क्षेत्रीय तथा उपक्षेत्रीय स्तरमा बिक्री वितरणका लागि उच्च क्षमताका प्रसारण लाइन निर्माण गर्ने समयसीमा सार्वजनिक गरेको छ ।

प्रसारण लाइन निर्माणमा देखिएको बेथिती अन्त्य गर्ने, तोकिएको समय अगावै निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ प्रक्रिया अगाडि बढाउने भएको हो । प्रसारण लाइन निर्माणमा देखिएको रुख कटानको समस्या समाधान गर्ने, मुआब्जा वितरणमा देखिएको जटिलता फुकाउने तथा लगानीको विविधकरण गर्ने कार्यक्रम निर्धारण गरेको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले सार्वजनिक गरेको 'विद्युत् खपत वृद्धि तथा ऊर्जा निर्यात रणनीति, २०८२' प्रसारण लाइन निर्माण सम्पन्न गर्ने समयसीमा निर्धारण गरेको छ । रणनीतिअनुसार, हेटौडा- ढल्केबर इनरुवा प्रसारण लाइनको हेटौडा ढल्केबर खण्ड चालु आवको अन्त्यसम्म निर्माण सम्पन्न गर्ने समयसीमा निर्धारण गरिएको छ । सो प्रसारण लाइनको पूर्वी खण्ड ढल्केबर-इनरुवा खण्ड भने यसअघि नै सम्पन्न भइसकेको छ ।

सो आयोजनालाई शीघ्र निर्माण सम्पन्न गर्न नेपाल विद्युत् प्राधिकरणलाई जिम्मेवार बनाइएको छ । रुख कटान, वन क्षेत्रको जग्गा प्रयोग, मुआब्जालगायतका समस्याका कारण सो आयोजना लामो समयदेखि समस्यामा परेको थियो । पछिल्ला दिनमा सो समस्या समाधान भएको छ । ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयको पहलमा नियमित काम सुरु भइसकेको छ

यसैगरी नयाँ खिम्ती बाह्रबिसे काठमाडौँ प्रसारण लाइनको काम आव २०८४/८५ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ । उक्त प्रसारण लाइनको क्षमता चार सय केभीको हो । सो प्रसारण लाइन निर्माणमा देखिएको समस्या समाधानका लागि स्थानीय तह र वन तथा वातावरण मन्त्रालयलाई जिम्मेवार बनाइएको छ ।

हेटौँडा-रातमाटे लप्सीफेदी न्यू दमौली-न्यू बुटवल प्रसारण लाइन आव २०८६/८७ सम्म निर्माण सम्पन्न हुनेछ । सो प्रसारण लाइन चार सय केभी क्षमताको हो । यसैगरी नयाँ बुटवल-लमही प्रसारण लाइन आव २०७८/८८ सम्म निर्माण सम्पन्न हुनेछ ।

यस्तै, लहमी-छिन्चु दोदोधारा प्रसारण लाइन आव २०८९/९० सम्म निर्माण सम्पन्न हुनेछ । किमाथांका-हाइटार सितलपाटी प्रसारण लाइन आव २०८९/९० सम्म सम्पन्न हुनेछ ।

अरुण हब इनरुवा प्रसारण लाइन, इनरुवा-अनारमणी प्रसारण लाइन, फुकोट बेतन दोदोधारा प्रसारण लाइन, तिंगला दुधकोशी-ढल्केबर प्रसारण लाइन आव २०९०/९१ सम्म सम्पन्न गर्ने लक्ष्य रणनीतिमा समावेश गरिएको छ ।

भेरी करिडोर प्रसारण लाइन र सेती करिडोर प्रसारण लाइन पनि आव २०९०/९१ मा सम्पन्न हुनेछ । दोदोधारा-अत्तरिया लम्की प्रसारण लाइन भने आव २०९१/९२ सम्म सम्पन्न हुनेछ । ती सबै प्रसारण लाइनको क्षमता चार सय केभीको छ ।

उत्पादित बिजुलीलाई सहज रूपमा प्रसारण गराएर लाड सेन्टरहरूमा पुऱ्याउने लक्ष्यका साथ सरकारले प्रसारण लाइन निर्माणलाई विशेष प्राथमिकतामा राखेको छ । आवश्यक संरचनागत सुधार गरिने, नीतिगत अस्पष्टता हटाउने तथा तोकिएको समयमा नै आयोजना सम्पन्न गर्ने लक्ष्यलाई रणनीतिले विशेष प्राथमिकतामा राखेको छ । यस्तै, अन्तरदेशीय प्रसारण लाइन निर्माणलाई पनि उत्तिकै महत्त्वका साथ रणनीतिले समेटेको छ । अन्तरदेशीय प्रसारण लाइनको क्षमता अभिवृद्धि पनि अर्को महत्त्वपूर्ण पक्ष छ ।

ढल्केबर-मुजफ्फपुर अन्तरदेशीय प्रसारण लाइन आव २०८३/८४ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ । बुटवल गोरखपुर अन्तरदेशीय प्रसारण लाइन, नानपारा नेपालगञ्ज, इनरुवा पूर्णिया, लम्की बेरली, लमही लखनउ, निजगढ मोतिहारी, चमेलिया जौलजिवी, ढल्केबर मुजफ्फरपुर र चिलिमे हब केरुङ अन्तरदेशीय प्रसारण लाइन निर्माण प्राथमिकतामा छ ।

आन्तरिक रूपमा बिजुलीको खपत बढाउने, बढी भएको बिजुली क्षेत्रीय तथा उपक्षेत्रीय स्तरमा बिक्री वितरण गर्ने लक्ष्यलाई रणनीतिले स्पष्ट रूपमा सूचीकृत गरेको छ । त्यस्तै, स्मार्ट ग्रिड र सवस्टेशनको आधुनिकीकरण निरन्तर रूपमा अगाडि बढाइनेछ । सवस्टेशनको क्षमता विस्तार गरेर ४० हजार एमभीए पुऱ्याइनेछ । सो कार्य आव २०९२/९३ सम्म सम्पन्न हुनेछ ।

कृषि क्षेत्रको आधुनिकीकरण र किसानको खेतसम्म नै फिडर पुऱ्याउने लक्ष्यलाई पनि उत्तिकै महत्त्व दिएको रणनीतिमा भूमिगत वितरण प्रणालीको काम २०८५ सम्म सम्पन्न गर्ने उल्लेख गरिएको छ । आव २०९२/९३ सम्म एलपी ग्यास अनुदान खारेजी गर्ने र विद्युतीय चुल्होमा अनुदान दिइनेछ । देशभर चार्जिङ स्टेशन सञ्जाल विस्तार गर्ने, प्रमुख शहरहरूमा विद्युतीय बस र ट्रली बस सञ्चालन गरी आन्तरिक विद्युत् खपत क्षमता विकास गरिनेछ ।

हाल नेपालको कूल जडित क्षमता चार हजार ८६ मेगावाट पुगेको छ । राष्ट्रिय प्रसारण ग्रिडको विस्तारसँगै ९८ प्रतिशत जनसङ्ख्यामा विद्युत्को पहुँच पुगेको छ । सन् २०४५ सम्ममा खुद शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्ने राष्ट्रिय प्रतिवद्धता अनुरूप खनिज इन्धनको परनिर्भरता घटाई स्वदेशी बिजुलीको खपत बढाउन अबलम्बन गर्नुपर्ने सबै काम अगाडि बढाउने रणनीतिको लक्ष्य छ ।

नेपालले भारतसँग १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्ने दीर्घकालीन विद्युत् व्यापार सम्झौता गरिसकेको छ । हाल करिब एक हजार दुई सय मेगावाट बिजुली भारत र बङ्गलादेशतर्फ आयात निर्यात भइरहेको अवस्था छ । ***(रासस)***

।सम्पादकीय।

# सिद्धान्त व्यवहारमा आधारित हुनुपर्छ

कुनै पनि दलको सिद्धान्त र विचार देखाउनको लागि होइन लागू गर्न हो। व्यवहारमा कहिल्यै लागू नहुने सिद्धान्त देखाउने दाँतमात्र हुन्छ। व्यवहारमा लागू गर्नकै निम्ति सिद्धान्त बनाइएको हुन्छ। यसकारण, सिद्धान्त र व्यवहार एक अर्कासित सम्बन्धित हुन्छ। सिद्धान्त र व्यवहारमा तालमेल मिलेन र अन्तर भयो भने दलको उद्देश्य सफल हुनेछैन। सिद्धान्तलाई व्यवहारमा लागू नगरेकै कारण सत्तामा गएका कम्युनिस्ट पार्टीप्रति जनताको व्यापक विरोध भएको हो; असन्तोष बढेको हो। मार्क्सवादी दर्शन र कम्युनिस्ट पार्टीको सिद्धान्त र विचारबिच तीव्र अन्तर भएको होइन; बनाइएको हो। कति लेखक, बुद्धिजीवीहरू कुनै ठुलो कम्युनिस्ट पार्टीको गतिविधिको आधारमा अन्य पार्टीलाई पनि त्यही नजरले हेर्छन्। एउटा कम्युनिस्ट पार्टीले गरेको गल्ती या कमजोरीको दोष अरु कम्युनिस्ट पार्टीमाथि थोपर्नु सही होइन।

कुनै कम्युनिस्ट पार्टीले गल्ती गर्छ; कम्युनिस्टको सिद्धान्तअनुसार काम गर्दैन भने त्यसको आलोचना गर्नुपर्छ; खबरदारी गर्नुपर्छ या विरोध गर्नुपर्छ। कुनै कम्युनिस्ट पार्टीको खोटलाई मार्क्सवादसँग तुलना गरेर मार्क्सवाद र मार्क्सवादी सङ्कटमा छ भनेर निष्कर्षमा पुग्नु अल्पबुद्धिबाहेक अर्को होइन। साम्राज्यवादी, विस्तारवादी, सामन्तवादी र पुँजीवादी नेता, लेखक र बुद्धिजीवीहरू कम्युनिस्टहरूको समाजवादी व्यवस्था हेर्न चाहँदैनन्। उनीहरू सिद्धान्ततः कम्युनिस्टविरोधी हुन्। उनीहरू देशका श्रमजीवी जनता या बहुमत जनताको हित चाहँदैनन्। उनीहरू कम्युनिस्टको विरोध मात्र होइन कम्युनिस्टदेखि असह्य हुन्छन्; कम्युनिस्ट पार्टीको बदनाम गर्न झूट कुरा फलाक्छन्; भ्रम फैलाउँछन्।

कुनै कम्युनिस्ट पार्टी निर्वाचनमा हार्दैमा त्यो देशमा कम्युनिस्ट पार्टी खतम हुँदैन। विश्वको राजनीतिक इतिहास पल्टाउँदा साम्राज्यवादी नीति अपनाउने पुँजीवादी देशहरूको विरोध विश्वव्यापी बन्दै छ। विश्वका जनताले मात्र होइन झन्डै १ करोड अमेरिकी जनताले ट्रम्प प्रशासनको आक्रामक या साम्राज्यवादी नीतिको विरोध गरे। अमेरिका देशभर नै जनताले ट्रम्प प्रशासनको आक्रामक नीतिको विरोध गरेका थिए। उक्त विरोध प्रदर्शनको आधारमा अमेरिकी राष्ट्रपति ट्रम्पले नैतिकताको आधारमा राजीनामा दिनुपर्थ्यो। राष्ट्रपति ट्रम्पको कारण अमेरिकी जनता असुरक्षित हुने देखेर देशभर सो विरोध प्रदर्शन भएको हो। विदेशी शक्तिराष्ट्रको पृष्ठपोषण गर्ने कति लेखकहरू कम्युनिस्ट या वामपन्थीहरू अन्त्येष्टि उन्मुख छन् भनी खोक्न थालेका छन्। उनीहरू मार्क्सवादमै खोट भएको टिप्पणी गर्छन्।

मार्क्सवाद विज्ञान सम्मत छ। मार्क्सवादी सिद्धान्त र विचारलाई व्यवहारमा लागू नगरेको, लागू गर्न अघि नसरेको कारण मार्क्सवादको सिद्धान्तमा खोट छ भन्नु यथार्थ होइन। वर्गहरू सङ्घर्ष गर्छन्; केही वर्ग विजय हुन्छन् त केही वर्ग हार्छन्। यस दृष्टिबाट इतिहासको व्याख्या गर्नु नै ऐतिहासिक भौतिकवाद हो। द्वन्द्वात्मक भौतिवादको मार्क्सवादी दर्शनका दुई प्रमुख विशेषता छन्। एउटा यसको वर्गीय स्वभाव हो। यसले द्वन्द्वात्मक भौतिकवाद श्रमजीवीवर्गको पक्षमा रहेको स्वीकार्छ। अर्को हो, यसको व्यावहारिकता। यसले व्यवहारमा सिद्धान्तको निर्भरतामाथि बल दिन्छ। सिद्धान्त व्यवहारमा आधारित हुन्छ।

कति कम्युनिस्ट पार्टीले आफ्नो पार्टीको नाम मार्क्सवादी लेनिनवादी राखेको छ। तर, मार्क्सवाद-लेनिनवादलाई व्यवहारमा लागू गर्नेतर्फ पाइला चालेको देखिँदैन। यसैको आधारमा कति बुद्धिजीवी, लेखक र राजनीतिक विश्लेषकहरू कम्युनिस्ट नेताहरू कम्युनिस्टको सिद्धान्त र विचार छोडेको तर्क राख्छन्। तर, उनीहरूले देशका सबै कम्युनिस्ट पार्टीलाई त्यही आँखाले हेर्नु ठीक होइन। नेपालका कति कम्युनिस्टहरू सत्ता राजनीतिमा लागे; भ्रष्टाचार र अनियमिततामा फसे; राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा लागे तर सबै लागेका छैनन्। कम्युनिस्ट पार्टीको सिद्धान्त र विचार व्यवहारमा लागू गर्न कम्युनिस्ट पार्टीको उद्देश्य र विचार जनतामाझ पुऱ्याइरहेको कम्युनिस्ट पार्टी पनि छ; पुँजीवाद र समाजवादको भेदबारे सुसूचित पार्दै छ। समाजवादको बाटो छोडेर लोकतान्त्रिक राज्य निर्माणको बाटो रोज्नुपर्छ भन्नुको अर्थ पुँजीवादी व्यवस्थालाई स्वीकार्नु हो; त्यो जनताको अन्तिम विकल्प होइन न त त्यो समस्या समाधानको उपाय नै हो। मार्क्सवाद भनेको अन्धानुकरण गर्नु होइन। मार्क्सवादलाई आफ्नो देशको माटो सुहाउँदो लागू गर्ने हो। रुसमा मजदुर क्रान्ति भयो भने चीनमा किसान क्रान्ति भयो। क्रान्ति देशको माटो सुहाउँदो हुन्छ; हुनुपर्छ।

# जर्मनीमा मजदुर आन्दोलन - १

✍ का. रोहित

सन् १८४५-४६ मा जर्मनीमा बाली खराब भयो। आलुमा कीरा लाग्यो। खानेकुरा लगातार महँगो हुँदै गयो। व्यापारीहरू अनिकालबाट फाइदा उठाउँदै थिए। जनता भोकभोकै मर्न लागेका थिए। जनतामा किन्ने शक्ति नै थिएन। सामान त्यस्तै थन्केको थियो। कारखानाले मालसामान तयार गर्ने कुरै रहेन। कारखानाहरू एकपछि अर्को बन्द हुँदै गए। बेकारी मजदुरहरूको सङ्ख्या बढ्दै गयो। जर्मनी एक औद्योगिक सङ्कटको चपेटामा थियो। भोका जनता रिसाउन थाले। हुलका हुल भोका जनता खाने पसल र गोदामहरूमा हुरिन्थे। लुटेर आपसमा बाँडचुँड गरेर खान्थे। राजधानी बर्लिन र अरू मुख्य-मुख्य सहरहरूको हालत पनि त्यस्तै थियो। क्रान्तिका भौतिक परिस्थितिहरू तयार हुँदै थियो। उता मार्क्स र एङ्गेल्सले कम्युनिस्ट घोषणापत्र तयार पारिसक्नुभएको थियो। जनताको सङ्घर्षमा मजदुरवर्गले अगुवाइ गर्नुपर्छ भन्ने कम्युनिस्ट लीगको निर्णय थियो।

जनवरी १८४८ मा दक्षिणी इटालीमा विद्रोह भयो।


२२ फेब्रुअरी १८४८ मा फ्रान्सेली जनताले बैङ्कपतिहरूको राजा लुई फिलिपको विरोधमा विद्रोह गरे। फ्रान्सेली मजदुरवर्ग सङ्घर्षको मोहडामा थियो। बैङ्कपतिहरूको राजा लुइ फिलिपको गद्दीलाई उल्टाइदियो। फ्रान्समा गणतन्त्रको घोषणा गरियो। त्यसको प्रभाव बेल्जियम, अस्ट्रिया र जर्मनीमा पनि पर्नु स्वाभाविक थियो। २७ फेब्रुअरीको दिन ब्रसेल्समा कार्ल मार्क्सले त्यहाँको विभिन्न प्रजातान्त्रिक र मजदुर सङ्गठनहरूको एक बैठक राख्नुभयो र सशस्त्र सङ्घर्षको तयारी गर्न थाल्नुभयो। आफ्नो बाबुको मृत्युपछि पाएको अपुतालीको केही रकमलाई मार्क्सले हतियार किन्नमा लगाउनुभयो। २८ फेब्रुअरीको दिन ब्रसेल्सका प्रजातान्त्रिक मजदुर सङ्गठनहरूको समितिको तर्फबाट फ्रान्सेली क्रान्ति र बेलायतको मागपत्रको आन्दोलनलाई बधाई पत्र लेखियो। १ मार्च १८४८ मा फ्रान्सेली सरकारले कार्ल मार्क्सलाई फ्रान्सको ढोका खुला छ भनेर बोलायो। ३ मार्चको दिन बेल्जियम सरकारले मार्क्सलाई २४ घण्टाभित्र देश छोड्न आदेश दियो। कम्युनिस्ट लीगको केन्द्रीय समितिको बैठक बस्यो। बैठकले ब्रसेल्सको समितिलाई भङ्ग गरिदियो र केन्द्रीय समितिलाई पेरिसमा सार्न मार्क्सलाई जिम्मा दिइयो। तुरुन्तै मार्क्सलाई बेल्जियम सरकारले गिरफ्तार गर्‍यो। तर, जनताको दबाब र निन्दाले बेल्जियम सरकार मार्क्सलाई छोड्न बाध्य हुनुपर्‍यो। मार्क्स फ्रान्स पुग्नासाथै कम्युनिस्ट लीगको केन्द्रीय समिति बनाउन लाग्नुभयो।

तर, त्यसबेला जर्मनियाली, पोली, बेल्जिमेली, आयरी, स्पेनियाली आदि विभिन्न देशका प्रवासीहरू फ्रान्समै थिए। तिनीहरू सशस्त्र दलहरू पठाएर आ-आफ्नो देशमा गणतन्त्र स्थापना गर्ने विचार राख्थे। मार्क्स र एङ्गेल्सले त्यस क्रान्ति निर्यातको विरोध गर्नुभयो। उहाँहरूले जर्मनीको क्रान्तिको उद्देश्य र क्रान्तिको तरिकाबारे विचार गर्नुभयो; जर्मनी कम्युनिस्ट पार्टीका मागहरू तयार गर्नुभयो र जर्मनीमा सिङ्गो गणतान्त्रिक सरकारको माग गर्नुभयो। त्यसले जर्मनीमा देशव्यापी मजदुर आन्दोलनको विकास हुन्थ्यो।

२१ वर्ष पुगेका मानिसले मत दिन पाउनुपर्छ; संसद् सदस्यलाई भत्ता दिइनुपर्छ; सारा जनतालाई सशस्त्र पारिनुपर्छ; विनापैसाले कानुनी सल्लाह दिनुपर्छ; चर्च र राज्यलाई अलग गरिनुपर्छ र जनतालाई निःशुल्क शिक्षाको बन्दोबस्त गर्नुपर्छ भन्ने माग अगाडि बढाइए। मार्क्स र एङ्गेल्सले यी मागबाट सर्वहारावर्गको सङ्घर्षलाई समाजवादसम्म लैजान सकिन्छ भन्ने सम्झनुभयो।



फ्रेडरिक एङ्गेल्स



कार्ल मार्क्स

जर्मनीमा कम्युनिस्टहरूको कृषि कार्यक्रमका माग अगाडि बढाइयो। सबै सामन्ती बेठ-बेगारी र तिरो-तिरानलाई समाप्त गर्ने, सामन्ती जग्गा-जमिन, खानी र सम्पत्तिलाई बिनामुआब्जा (क्षतिपूर्ति) राष्ट्रियकरण गर्ने, वैज्ञानिक औजारहरू उपयोग गरेर सारा जनताको निम्ति ठुलो आकारको राष्ट्रिय खेती गराउने, सामन्तीमात्रै होइन पुँजीवादी शोषणबाट पनि किसानलाई मुक्त गराउने, किसानहरूको बन्धकी जम्मा ब्याज र तिरो सामन्तलाई नदिई प्रजातान्त्रिक सरकारले लिनुपर्छ, सबै व्यक्तिगत बैङ्कहरूलाई राष्ट्रियकरण गरिनुपर्छ, आम्दानीअनुसार बढ्दै जाने प्रगतिशील कर नीति लागु गर्नुपर्छ आदि कार्यक्रमका मागहरू थिए।

मार्क्स र एङ्गेल्सले यस्ता तुरन्ता-तरुन्तै काममा आउने मागहरू राखेर सर्वहारावर्गलाई स-साना पुँजीपति र किसानवर्गसँग एकता गर्ने विचार गर्नुभयो। ती मागलाई क्रान्तिकारी सङ्घर्षले पूरा गराउने उहाँहरूको विचार थियो। पुँजीवादी प्रजातान्त्रिक क्रान्तिको निम्ति सर्वहारावर्गको त्यो पहिलो खँदिलो कार्यक्रम थियो।

यता मार्क्स र एङ्गेल्स फ्रान्समा क्रान्तिकारी मागहरू तयार गर्दै हुनुहुन्थ्यो। उता १८ मार्च १८४८ को दिन बर्लिनमा जनताको ठुलो प्रदर्शन भयो। अधिराजकुमार विलियमले सभा, सङ्गठन र प्रदर्शनमाथि गोली हान्ने आदेश दियो। प्रदर्शन एक विद्रोहमा बदलियो। मजदुर जनताले सडकमा मोर्चाहरू बनाउन थाले। मजदुर जनताको त्यस विद्रोहलाई दबाउन सरकारले ३६ वटा तोपसहित १४ हजार सेना पठायो। मजदुरहरूले सेनाको आक्रमणलाई असफल पार्न बन्दुकको जवाफ बन्दुकले दिए। मजदुरहरूलाई जनताको समर्थन थियो। सेना र मजदुरहरूको सशस्त्र भिडन्त १३-१४ घण्टासम्म भइरह्यो।

मजदुरहरूको हातमा बन्दुक थियो। सरकारले स्थिति आफ्नो पक्षमा देखेन। त्यसकारण, राजा फ्रेडरिक विलियम चौथोले जनतालाई छल गर्ने जुक्ति निकाले; जनतालाई 'प्यारा बर्लिनवासीहरू' भनेर चिप्लो घस्दै लडाइँ बन्द गर्ने अपिल गर्‍यो; हिंसा र रगत बगेकोमा बन्दुकधारी केही सिपाहीहरूको व्यक्तिगत बदमासी भनेर टार्न खोजे। त्यो जनतालाई ठग्ने राजाको फटाहा कुरा थियो। बर्लिनका मजदुरहरू राजाको जाली कुरामा फसेनन्। मजदुरहरूले पहिले बर्लिन सहरबाट सेना बाहिर पठाउने माग गरे। राजालाई जनताको कुरा सुन्न कर लाग्यो। सेनालाई बर्लिनबाट बाहिर पठाइयो।

मजदुरहरूको जुलुस राजदरबारतिर लाग्यो। जनताले भिडन्तमा मरेकाहरूको लास र घाइतेहरू पनि लगेका थिए। जनतामा ठुलो विरोध र लड्ने भावना थियो। हत्याकाण्डमा जिम्मेवार व्यक्ति बार्दलीमा देखापर्न जनताले माग गरे। राजा कालो-निलो भएर बार्दलीमा हाजिर भयो। जनताका सहिदहरूप्रति आदरले टाउको झुकाउन राजालाई कर लाग्यो। १८४८ को मार्च महिनाको बर्लिनको लडाइँमा मजदुरवर्ग साऱ्है सक्रिय थिए। जीत जनताको भयो।

तर, जर्मनीमा पुँजीपतिवर्ग राजासँग मिल्यो। राजाले एक ठुलो कारखानाको मालिकको नेतृत्वमा एक मन्त्रिमण्डल गठन गर्ने घोषणा गरे। तर, मजदुर र गरिब जनताले चुनावमा मत दिने अधिकार पाएका थिएनन्। तर, त्यो पुँजीपतिवर्गको मन्त्रिमण्डलले कुनै पनि पुरानो अफिसरको जागिर खोस्न सकेन। पुरानो सेना र पुलिसको एउटा अफिसर सिपाहीलाई निकाल्न सकिएन। यसरी पुँजीपतिवर्गले राजालाई समर्थन गर्‍यो; जनतालाई विश्वासघात गर्‍यो।

मार्क्स र एङ्गेल्सले मागपत्रहरूलाई मार्चको अन्ततिर छापेर पर्चाको रूपमा पेरिस र जर्मनीमा वितरण गर्नुभयो। त्यो मागपत्र जर्मनीको पत्रपत्रिकामा अप्रिलको सुरुमा देखापर्‍यो। कम्युनिस्ट लिगका सदस्यहरूमा कम्युनिस्ट घोषणापत्र र मागहरू वितरण गरियो। जर्मनीमा मजदुर आन्दोलन अगाडि बढाउन कम्युनिस्ट लिगको केन्द्रीय समितिले ३-४ सय मजदुरहरू जर्मनी पठायो। मार्क्स र एङ्गेल्स पनि आफ्नो जन्मभूमिको क्रान्तिमा भाग लिन हिँड्नुभयो। ११ अप्रिल १८४८ मा मार्क्स जर्मनी जानुभयो र नागरिकताको निम्ति दर्खास्त दिनुभयो। दर्खास्त स्वीकार गरियो। कोलोन एक औद्योगिक क्षेत्र भएकोले त्यहाँ मजदुरवर्गको सङ्गठन थियो। फेरि फ्रान्सेली क्रान्तिको बढी प्रभाव भएको ठाउँ भएकोले त्यहाँ काम गर्न अलि स्वतन्त्रता थियो। मार्क्सले कोलोनमै बसेर 'नयाँ राइन समाचार' भन्ने पत्रिकामा काम गर्न थाल्नुभयो। मार्क्सका अरू साथीहरू विभिन्न सहरमा प्रजातान्त्रिक सङ्गठनभित्र बसेर काम गर्न थाले।

पुँजीपतिवर्गको बेइमानीबारे मजदुरहरूले बर्लिनमा एक सभा गरे। सभाले २१ वर्ष पुगेका सबैले चुनावमा भाग लिन पाउनुपर्छ र मन्त्रिमण्डलमा मजदुरहरूको पनि एक प्रतिनिधि हुनुपर्छ भनी माग गर्‍यो। तर, पुँजीपतिवर्गले मजदुरहरूको मागलाई ध्यानै दिएन। त्यसकारण, मजदुरहरू फेरि सङ्गठित हुन थाले। मजदुरहरूको सङ्गठन देखेर पुँजीपति सरकार डरायो र राजासँग मिलेर बर्लिनमा फेरि सेना बोलायो। क्रान्तिको धारलाई रोक्न मईमा राष्ट्रिय सभा बोलाइयो। मजदुरहरूको विद्रोही भावनालाई कमजोर पार्न राष्ट्रिय सभामा दुई जना मजदुर प्रतिनिधि लियो। त्यो एउटा छल र जाल मात्रै थियो। दुई जना मजदुर प्रतिनिधिले मजदुरवर्गको माग पूरा गराउन सक्ने कुनै थिएन न त त्यस सभाले मजदुरहरूको स्थितिलाई नै फेर्न सक्थ्यो।

राष्ट्रिय सभामा सामन्तहरूको दबदबा बाँकी नै थियो। तिनीहरू पुँजीपतिवर्गलाई आफ्नो ज्यावल बनाउन चाहन्थे। देशमा सामन्ती शोषण बाँकी नै थियो। त्यसकारण, सामन्ती शोषणको विरोधमा अप्रिल-मईमा देशभर किसान आन्दोलन सुरु भयो। राष्ट्रियसभाले किसानहरू माथिको सामन्ती शोषणलाई खारेज गर्ने प्रस्ताव ल्यायो। तर, सामन्तवर्गले त्यस प्रस्तावलाई स्वीकार गरेन। बरु, तिनीहरू राष्ट्रिय सभा नै भङ्ग गर्ने पक्षमा थिए।

१ जून १८४८ देखि कार्ल मार्क्स 'नयाँ राइन समाचार' को प्रधानसम्पादक बन्नुभयो। त्यसमा 'प्रजातन्त्रको मुखपत्र' भनेर नयाँ अङ्क सुरु गर्नुभयो।

त्यसबेला जर्मनीका क्रान्तिकारीहरू विभिन्न गुटहरूमा विभाजित थिए। कुनै गुट मजदुर आन्दोलनलाई क्रान्तिकारी सङ्घर्षमा फेर्न चाहँदैनथे। कुनै गुट किसान र क्रान्तिकारी पुँजीवादी तत्त्वहरूसँग पनि नमिली मजदुरवर्ग एक्लैले सत्ताको निम्ति लडाइँ सुरु गर्न चाहन्थे। मार्क्स र एङ्गेल्सले यी दुवै काँचा र कोरा विचारको खोट देखाउनुभयो र सङ्घर्ष गर्नुभयो। उहाँहरूले कोलोनका मजदुर सङ्गठनका बहुमत मजदुरहरूलाई क्रान्तिकारी सङ्घर्ष गर्न चित्त बुझाउनुभयो; किसान र क्रान्तिकारी पुँजीवादी तत्त्वहरूसँग मिलेर लड्न राजी गराउनुभयो। अनि मात्रै कार्ल मार्क्सले त्यहाँको मजदुर आन्दोलनको नेतृत्व स्वीकारी सङ्घर्ष गर्न अगाडि बढ्नुभयो।

मार्क्सले भोका किसानहरूलाई सामन्तहरूको जग्गा जमिन दिन माग गर्नुभयो। उहाँले जनतालाई हातहतियारको भण्डार-बारुदखाना कब्जा गर्नुपर्छ भनेर प्रस्ट लेख्नुभयो। १४ जून १८४८ को दिन बर्लिनमा कामदार जनताले बारुदखाना कब्जा गरे। मार्क्सले क्रान्तिलाई निरन्तर अगाडि बढाउन आह्वान गर्नुभयो। पुँजीपतिवर्गको सरकारले क्रान्तिको उद्देश्यमाथि धोखा दिँदै थियो।

'नयाँ राइन समाचार' मा मार्क्सले सामन्ती प्रतिक्रियावादीहरूलाई मात्रै विरोध गर्नुभएन बरु जर्मनीमा ठुलठुला पुँजीपतिवर्ग पनि मजदुरवर्गका झन् ठुलो खतरनाक शत्रु भनेर निन्दा गर्नुभयो।


जर्मनीका पुँजीपतिवर्ग १८ औँ शताब्दीको फ्रान्सको पुँजीपतिवर्गजस्तो क्रान्तिकारी थिएन। तिनीहरू राजासँग सम्झौता गर्ने दाउ खोजिरहेका थिए। यसकारण, मार्क्सले क्रान्तिकारी भनाउँदा प्रतिनिधिहरूलाई समेत लड्न नसक्ने हुतिहाराहरू भनेर भन्नुभयो; सुस्केरा हाल्नुभन्दा केही गर्ने साहस गर भनेर लेख्नुभयो। त्यसबेला जर्मनीलाई एक बलियो राज्यमा एकीकरण गर्नु आवश्यक थियो। तर, सामन्तवर्ग तयार थिएन, पुँजीपतिवर्ग तिनीहरूको विरोधमा सङ्घर्ष गर्न तयार थिएन। १७८९ को फ्रान्सेली पुँजीवादी क्रान्तिको एक मुख्य शक्ति किसान थियो। तर, जर्मनीको क्रान्तिले किसानहरूलाई सामन्तहरूको जग्गा दिन सकेन। यसकारण, मार्क्सले जर्मनीको क्रान्तिलाई फ्रान्सेली पुँजीवादी क्रान्तिको एक ख्यालः (नक्कल) मात्रै भनेर निन्दा गर्नुभयो।

पेरिसको जूनको मजदुर विद्रोह असफल भयो। त्यो पुँजीपतिवर्ग र मजदुरवर्गबिचको वर्गीय स्वार्थको भिडन्त थियो। त्यस असफलताको प्रभाव जर्मन र युरोपका अरू देशहरूमा पनि पर्‍यो। त्यसले प्रतिक्रियावादी शक्तिलाई हौसला दिन्थ्यो। मार्क्स र एङ्गेल्सले क्रान्तिको तत्कालीन उद्देश्यमा ध्यान दिनुभयो। त्यसको निम्ति भौतिक परिस्थिति तयार थिएन। यसकारण, उहाँहरूले मागहरूको निम्ति प्रचारप्रसार गर्न थाल्नुभयो। पछि हुने सङ्घर्षलाई एक समाजवादी क्रान्तिमा फेर्न सर्वहारावर्गको राजनैतिक शक्ति तयार गर्न आवश्यक थियो। 'नयाँ राइन समाचार' ले त्यसको निम्ति काम गर्न थाल्यो।

*- 'विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू' बाट*

# मजदुर सहिदहरूको कथा - ३


✍ हावर्ड फास्ट



म्याकोर्मिक कारखानामा भएको प्रहरी दमन

"अनि भोलिपल्ट हेमार्केटमा सभा बोलाइयो । हेमार्केट अलि ठुलो थियो । त्यही भएर सभाका लागि छनोट गरिएको थियो । स्पाइस बौलाएझैँ भएको थियो । घाइते र मरेका मान्छेको तस्बिर उसको दिमागबाट हट्दै हट्दैनथे । त्यसैले हजारौँ मजदुरहरू विरोध सभामा आउलान् भन्ने सोचेको थियो उसले । तर, म्याकोर्मिक त एउटा विराट सङ्घर्षको सानो हिस्सा मात्र थियो । मजदुरहरूको हार सुरु भइसकेको थियो । सबैतिर उनीहरूलाई दबाइँदै थियो । हडताल तोडिँदै थियो । नाथे अर्को सभा राखेर के नै होला र ? यस्तो सोच्ने मान्छे पनि थिए । तर, स्पाइसलाई कम नठान्नू । ऊ एकदम तेज थियो । इमानदार पनि थियो । विदेशमा जन्मेका मजदुरहरूबिच उसको हैसियत त्यति नै थियो जति अमेरिकी मजदुरबिच पार्सन्सको । स्पाइसले यो मौका गुमाउनु हुँदैन भन्ठान्यो । हेमार्केटमा २० हजार मजदुर जम्मा भए 'आठघण्टे काम' आन्दोलनको रूपै फेरिन सक्थ्यो । हुन्थ्यो पनि होला, के थाहा ? म भन्दै थिएँ नि, यिनीहरूको विचारमा म सहमत छैन । क्रान्तिको कुरा गरेपछि मेरो लडाइँ त्यही रोकिन्छ । मलाई त यस्तै लाग्छ ।"

"तर, भोलिपल्ट हेमार्केटको चोकमा २० हजार मानिस जम्मा भएनन् । स्पाइस त्यहाँ पुग्यो । मान्छे थोरै थिए । साँझ छिप्पिँदै जाँदा मान्छेको सङ्ख्या त बढ्यो । तर, तिनको सङ्ख्या तीन हजार पनि पुगेन । मान्छे थोरै हुनाले सभालाई हेमार्केटबाट बदलेर देप्लेनमा सारियो । जोलेक र रेडोल्फबिच पर्छ त्यो । तर, म तपाईँलाई पार्सन्सको बारेमा बताउँदै थिएँ । त्यही भएर त बिहानैदेखि तपाईँको समय खेर फाल्दै छु । मैले भनिसकेँ, पार्सन्स त्यहाँ थिएन । उसलाई त्यो सभाको विषयमा थाहापत्तो थिएन । त्यसो त स्याम फिल्डेनलाई पनि हेमार्केटको सभाको बारेमा केही थाहा थिएन । (फिल्डेन पार्सन्स र स्पाइसका साथी र मजदुर सङ्गठक थिए ।)"


Attention Workingmen!

GREAT

MASS-MEETING

TO-NIGHT, at 7.30 o'clock,

AT THE

HAYMARKET, Randolph St, Bet. Desplaines and Halsted.

Good Speakers will be present to denounce the latest atrocious act of the police, the shooting of our fellow-workmen yesterday afternoon.

Workingmen Arm Yourselves and Appear in Full Force!

THE EXECUTIVE COMMITTEE.

Achtung, Arbeiter!

Große

Massen-Versammlung

Heute Abend, ½8 Uhr, auf dem

Heumarkt, Randolph-Straße, zwischen Desplaines- u. Halsted-Str.

Gute Redner werden den neuesten Schurkenstreich der Polizei, indem sie gestern Nachmittag unsere Brüder erschoß, geißeln.

Arbeiter, bewaffnet Euch und erscheint massenhaft!

Das Executiv-Comite.

विरोध सभामा सहभागी हुन मजदुरहरूलाई गरिएको आह्वान

"तर, पार्सन्सकै कुरा गरौँ । उसले मे २ को दिन शिकागो छोडेको थियो । भाषण दिन ऊ सिनसिनाटी गएको थियो । मे ३ गते दिनभरि म्याकोर्मिक कारखानामा त्यो भयानक घटना भयो । त्यो दिन पनि पार्सन्स त्यहाँ थिएन । ४ गते बिहान मात्र ऊ घर फर्केको थियो । रातभरि ऊ अनिदो थियो । लुसीले घटनाको बेलिबिस्तार लगाइरहँदा ऊ थाकेर फुकिढल थियो । सिनसिनाटीमा पनि यस्तै दृश्य देखेर आएको थियो ऊ । मालिकहरू रिसाएका थिए । आफूलाई चुनौती दिने फोहरी राक्षसहरूलाई कुल्चिनुपर्ने देखे तिनले । त्यसैले पूरै जाडबलका साथ उनीहरू दमनमा उत्रे । मजदुर आन्दोलन तितरबितर भयो । बन्दुकको गर्जनसामु भोकले सुकेका, गलेका मान्छेहरूको केही सीप लागेन !"

"पार्सन्सले जहानको कुरा सुनिरह्यो । आफ्ना दुई बच्चासँग खेलिरह्यो । उसले जहानले दिएको कफी पियो । एक टुक्रा पाउरोटी खायो । उसले लुसीलाई भन्यो, "अब हामीले केही गर्नैपर्छ ।" तर, के नै गर्न सकिन्थ्यो र ? लुसीले भनिन्, "तिमी एकदम थाकेका छौ । आज राति सभा गर्न सक्दैनौ ।" उनले हेमार्केटमा हुने सभाको कुरा गरेकी थिइनन् । त्यो सभाबाट उनलाई थाहै थिएन । पार्सन्सले भन्यो, "सभा त गर्नैपर्छ ।" पार्सन्सको नेतृत्वमा काम गर्ने मान्छेहरूलाई हामी 'अमेरिकी ग्रुप' भन्थ्यौँ । किनभने, उनीहरूमध्ये धेरै जना अमेरिकामै जन्मेका मजदुर थिए । उसले सभा गर्ने मन बनाइसकेको थियो । थाकेर चुर भए पनि ऊ 'डेली न्यूज' मा समाचार छपाउन गयो । त्यसपछि ऊ घर आयो र बच्चासँग केही बेर खेल्यो । त्यसपछि ऊ निदायो । ब्युँझेपछि उसले अलि आराम महसुस गर्‍यो । पहिलेजस्तै हाँसो ठट्टा गर्‍यो । लुसीको भनाइअनुसार उसले हारको नभई जीतको कुरा गरेछ । उसले आफ्ना छोराछोरी 'एक यस्तो अमेरिकामा हुर्किनेछन्, जसले संसारलाई न्याय र स्वतन्त्रतातर्फ लग्नेछ' भनेछ ।"

"साँझपख ऊ, लुसी र दुवै बच्चा सभामा गए । सधैँझैँ ऊ र लुसी सँगै हिँडिरहेका थिए, प्रेमजोडीले जस्तै आँखामा आँखा मिलाउँदै ।"

"यसबिच हेमार्केटको सानो सभा सुरु भएको थिएन । कति डरलाग्दो थियो त्यो रात ! आकाश धुम्म परेको थियो । पानी पर्ने खतरा थियो । झरीको डरले धेरै मान्छे आएकै थिएनन् । आएकाहरू पनि सभा कहिले सुरु होला र कहिले सक्किएला भनी सोच्दै थिए । सबैजना पर्खाइमा थिए । तर, तपाईँलाई त थाहै होला । सबैजना पार्सन्सको बाटो हेर्दै थिए । तर, पार्सन्सलाई सभामा बोलाउने जिम्मेवारी कसैलाई थिएन । अरू कोही बोलाउन गयो होला भनेर सबैजना चुपचाप उभिएका थिए । स्पाइस पार्सन्स नआई सभा सुरु गर्न चाहन्थेन । कसैले उसलाई 'डेली न्यूज' मा छापिएको सूचनाबारे बतायो । त्यसपछि उसले पार्सन्सलाई लिन आफै जाने बतायो । ऊ नै निस्केपछि सभाको मियो हराउँथ्यो । त्यहाँ भेला भएका मान्छेले स्पाइसलाई 'बोल्न सुरु गर' भने । पार्सन्सलाई खोज्न अरू कोही गयो । स्पाइस बोल्न थाल्यो । उसले भनेका कुरा दोहोर्‍याउनु नपर्ला । पत्रपत्रिकामा धेरै कुरा छपिएको छ । तर, के इँद गर्नुपर्छ भने उसले मुख्य गरी 'आठघण्टे काम' को आन्दोलनबारे बोलेको थियो । उसले मजदुरहरूमाथि लौरो बजारियो भन्दैमा सबथोक बन्द गर्नुपर्छ भन्ने छैन । हामी अझ एकताबद्ध हुनुपर्छ । अझ कठिन सङ्घर्ष गर्नुपर्छ । उसले अघिल्लो दिन म्याकोर्मिक कारखानामा भएको दमनबारे बतायो । यसैबिच पार्सन्स कुनै अर्को सभामा थियो । हाम्रो मान्छे ऊकहाँ पुगिसकेको थियो । त्यो सभामा फिल्डेन पनि थियो । फिल्डेन गजबको मान्छे हो । हुन त बेलायती हो, तर अमेरिकीहरूसँग मैले भन्दा पनि राम्ररी कुरा गर्न सक्छ । पार्सन्स लखतरान थियो । तैपनि उसले सभामा आउने र बोल्ने बतायो । फिल्डेन पनि ऊसँगै आयो । फिल्डेन अग्लो र बलियो छ । योर्कशायरका अरू बासिन्दाझैँ उसलाई हत्तपत्त रिस उठ्थेन । तर, चारैतिर जे भइरहेको थियो, त्यसले भित्रभित्र उसलाई भाउन्न भएको थियो । मनै तीतो भएको थियो । त्यसैले बोल्ने बेला ऊ तीतोपन पोख्थ्यो ।"

"जे होस् ! पार्सन्स आफ्नो परिवारसँगै देप्लेन सडकमा गयो । त्यहाँ स्पाइसको सभा चल्दै थियो । बालबच्चा एकदम थाकेका थिए । एउटा बच्चा लुसीको काखमा थियो । अर्को पार्सन्सको काखमा थियो । के फत्फताउँछ भन्ठान्नुहोला । हो, सहानुभूति पाउनलाई नै भन्दै छु । पछि मौका नपाइएला । तपाईँको सहानुभूति पाउँदा मलाई लाज पनि त लाग्दैन ।"

"अझै अँध्यारो आकाशमुनि करिब दुई हजार मान्छेले पार्सन्सलाई पर्खिरहेका थिए । तपाईँले बुझ्नुहुन्न यस्तो कुरा । तर, पार्सन्सको बोली सुन्न मैले दुई-दुई घण्टा पर्खेको थिएँ, त्यो पनि उभिएर । त्यहाँ दुइटा गाडी थिए । एउटा गाडीलाई भाषण दिने मञ्च बनाइएको थियो । अर्को गाडीमाथि मान्छेहरू बसेका थिए । पार्सन्स आएपछि उनीहरूले लुसी र दुई बच्चालाई बस्ने ठाउँ दिए । मान्छेहरू बिस्तारै घर फर्किँदै थिए । तर, पार्सन्सलाई देखेर स्पाइस ढुक्क भयो । तपाईँ आफै सोच्नुस् न, यति महत्त्वपूर्ण मौकामा भीड पातलिँदा स्पाइस कति खिन्न भयो होला ।"

"स्पाइस एकदम खिन्न थियो । तपाईँ त लामो समयदेखि राजनीतिमा हुनुहुन्छ । सुन्ने मान्छेहरू सभा छोडेर गए भने कस्तो लाग्छ, थाहै होला । त्यो पनि एक्लै-दुक्लै नभई हुल बाँधेर जान थाले भने त एकदम दह्रो मुटु भएको मान्छे पनि गल्छ । पार्सन्स बोल्नका लागि उभिँदा रातको ९ बजेको थियो । उसका कुरा सुन्न मान्छेहरू अडिए । उसको अवस्थाबारे सोच्नुस् त । ३० घण्टाको अनिदो थियो ऊ । एउटा सभामा बोलेर ऊ सिधै त्यहाँ आएको थियो । जसका लागि ऊ लडिरहेको थियो, त्यो सबै आफ्नै आँखा अगाडि छिन्नभिन्न भएको देखेर उसलाई कस्तो भयो होला ? तैपनि ऊ बोल्यो । एकदम राम्ररी बोल्यो । उसले 'आठ घण्टा काम' को आन्दोलनबाट कुरा सुरु गर्‍यो । त्यसपछि उसले मजदुरहरूको बारेमा बोल्यो । मेरो विचारमा अमेरिकामा मजदुरहरूको अवस्थाबारे पार्सन्सलाई जत्तिको अरू कसैलाई थाहा छैन होला । उसले एकाधिकार पुँजीको बारेमा बोल्न थाल्यो । यो पनि ठिक्कै थियो । तपाईँले उसको बयान पढ्नुभयो होला । उसले केको बारेमा बोलेको थियो, तपाईँलाई थाहै होला । तर, यसले लेखेर भाषण गरेको थियो भन्नु सरासर झूट हो । एकदम झूट हो । उसले दिमागमा आएको कुरा फटाफट बोल्दै गयो । कुनै लिखित भाषण थिएन । त्यहाँ आएका कसैले उसको भाषण टिपेको थिएन । हो, भोलिपल्ट एउटा फर्जी भाषण लेखिएको भने पक्का हो । तर, त्यो पार्सन्सको भाषण थिएन ।"

"त्यसपछि पार्सन्सले कुरा टुङ्ग्यायो र फिल्डेनको परिचय थियो । यहाँ बसेर तपाईँसँग फिल्डेनको कुरा गर्नु संयोग नै हो । किनभने, फिल्डेनले कानुनकै बारेमा बोलेको थियो । धनीमानीको कानुन, गरिबको होइन, धनीमानीको अदालत, गरिबको होइन । लौ त, म पार्सन्सकै बारेमा बोल्छु । बसेर मेरो कुरा सुन्नुस् । तपाईँलाई झर्को लाग्यो होला । यो बेकुफ सिकर्मीले बेकारमा मेरो समय खेर फाल्दै छ भन्ने पनि लाग्यो होला । तर, लेबर पार्टीमा यो सिकर्मीको प्रभाव छ । तपाईँले यसको कुरा सुन्नुपर्छ र यसको भावनामा चोट पुर्‍याउनु हुन्न । लौ, मलाई आफ्नै पाराले बताउन दिनुस् ।"

"फिल्डेनले बोल्न सुरु गरेपछि पार्सन्स अर्को गाडीनिर गयो । उसले आफ्नो बच्चालाई काखमा लियो । त्यही बेला पानी पर्‍यो । एउटा बच्चा रुन थाल्यो । जे घटना भयो, त्यसमा यही कुरामा ध्यान दिनू । बच्चालाई काखमा लिएर पार्सन्स फिल्डेन बोलिरहेको मञ्चसम्म पुग्यो । पानी परेको हुनाले जेफ हलमा जानुपर्छ कि भन्यो । त्यो सभाभवनमा प्रायः बैठक बसिरहन्थ्यो । काखमा बच्चा हुनाले र आफू एकदम थाकेको हुनाले उसले त्यो कुरा राखेको थियो । तर, दुई हजार मानिसलाई सडकबाट शान्तिपूर्वक हलमा लगेर व्यवस्थित ढङ्गले बसाल्न सम्भव थिएन । फिल्डेनले भन्यो, "मैले दुई मिनेटमा कुरा टुङ्ग्याउँछु ।" पार्सन्सले मुन्टो हल्लायो । तर, बच्चालाई समाएर ऊ झरीमा उभिन सक्दैनथ्यो । भीड पनि पातलिँदै थियो । त्यतिञ्जेल त्यहाँ करिब ६-७ सय मान्छे थिए । झरीमा उभिएरै उनीहरूले भाषण सुनिरहेका थिए ।"



अल्बर्ट पार्सन्स र लुसी पार्सन्स

"अनि पार्सन्स, लुसी, दुई बच्चा र उसको एकजना साथी सभाबाट जेफ हल गए । उनीहरू अलि बेरलाई त्यहाँ गएका थिए । केही मान्छेलाई भेट्नु थियो । त्यसपछि उनीहरू घर फर्किनुपर्ने थियो । त्यही बेला बमको धमाका सुनियो । त्यसबेला उनीहरू हलभित्र थिए ।"

"त्यो धमाका कसरी भयो ? तपाईँलाई त थाहै होला । नहुन पनि सक्छ । घटना भएको धेरै दिन भइसकेको छ । तपाईँले बिर्सिसक्नुभयो होला । फिल्डेन बोल्दै थियो । वार्ड र बोनफिल्डको नेतृत्वमा २ सय पुलिस भीडलाई ठेल्दै आए । किन ? कसरी ? केका लागि ? भीड आफै पातलिँदै थियो । के उनीहरू त्यो शान्त र व्यवस्थित सभा तितरबितर पार्न आएका थिए ? फिल्डेनले गरोस् पनि के ? भाषण टुङ्ग्याएर ऊ गाडीबाट ओर्लियो । भीड सडकपारि जान थाल्यो । त्यति नै बेला बम फालियो । कहाँबाट ? भगवानै जानून् । बम पुलिसकै अगाडि पड्कियो । एकजना त्यही ठहरै भयो । अर्को घाइते भयो । त्यो बम कसले फाल्यो ? डेढ वर्षदेखि यो दुःखी नगरीमा हामीले यो प्रश्नबाहेक अर्थोक सुनेका छैनौँ । भगवान्, शक्ति, भाग्य जे भन्नुस्, त्यसको कसम खाएर भन्छु जज साप, त्यो बम हाम्रा मान्छेले फालेका थिएनन् । यही हो मेरो विचार । मेरो पूर्वाग्रह । म एक मजदुर हुँ र मेरा आफ्नै पूर्वाग्रह छन् । अबको केही घण्टामा पार्सन्स मर्दै छ । यस्तो बेला म कसम खाएर भन्छु । मलाई हिंसालाई घृणा गर्छु । कसम खाएर भन्छु म, मलाई ऊमाथि पूर्ण विश्वास छ । त्यो बम हाम्रा शत्रुहरूले फालेका थिए । त्यसबेलादेखि अहिलेसम्म जेजति भयो, त्यसबारे गहिरिएर विचार गर्नुस्, के यसबाहेक अर्को नतिजा निस्केला ? आफै सोच्नुस्, बम फाल्दाबित्तिकै के भयो ? सोच्नुस् - कसरी पुलिसहरूले बन्दुक तानेका थिए । कसरी तिनले भटाभट गोली चलाउन थालेका थिए । यसको अगाडि अघिल्लो दिनको म्याकोर्मिकको घटना पनि फिक्का भयो । उनीहरूले पागलले झैँ अन्धाधुन्द गोली चलाए । उनीहरूले मजदुरहरूलाई मारे । तिनका जहान र केटाकेटीलाई मारे । हामी निहत्था थियौँ । हाम्रो तर्फबाट कुनै गोली चलेन । तर पुलिसले गोली बर्साइरह्यो । भीड तितरबितर भयो । चिच्याउँदै र कराउँदै मान्छेहरू चारैतिर भागिरहे ।" "यही हो सत्य । त्यहाँ आएका सयौँ मान्छेहरूबाट पनि मैले यही कथा सुनेँ । साँचो कुरा यही हो ।" - ती होचो कदका सिकर्मी शिलिङले भने ।

*(अनु. मोहिनी)*



हे मार्केट चोकमा प्रहरीको घुसपैठियाले गरेको बम विस्फोट



इजरायली हवाई तथा मिसाइल हमलाबाट ध्वस्त भएको दक्षिणी लेबनानको एक ग्रामीण क्षेत्रमा गस्ती गर्दै संयुक्त राष्ट्रसङ्घीय शान्ति सेनाको एक टोली अप्रिल २९, २०२६ का दिन ।

*तस्बिर : एपी/एरियल स्क्यालिट*

# इरान प्रस्तावमा आशङ्का, युद्ध अन्त्य अनिश्चित

वासिङ्टन, १६ वैशाख (एएफपी) । मध्यपूर्वमा जारी अमेरिका-इजरायल र इरानबिचको तनावपूर्ण द्वन्द्व अन्त्य गर्ने प्रयासहरू नयाँ मोडमा पुगेका बेला वासिङ्टनभित्रै अनिश्चितता गहिरिँदै गएको छ । इरानले अघि सारेको पछिल्लो प्रस्तावप्रति अमेरिकी नेतृत्व सशङ्कित देखिएको छ भने यही सन्दर्भमा पेन्टागन प्रमुख पीट हेग्सेथले बुधबार पहिलोपटक काङ्ग्रेससमक्ष गवाही दिने तयारी गर्नुभएको छ ।

दुई महिनादेखि जारी युद्धका कारण इरानले रणनीतिक रूपमा अत्यन्त महत्त्वपूर्ण जलमार्ग अवरुद्ध गरेको छ, जसले विश्वव्यापी तेल तथा ग्यास आपूर्तिमा गम्भीर असर पार्दै अन्तर्राष्ट्रिय अर्थतन्त्रमा तरङ्ग पैदा गरेको छ । यस्तो अवस्थामा युद्धविरामतर्फको कुनै पनि पहल निर्णायक बन्न सक्ने भए पनि वासिङ्टनले तेहरानको प्रस्तावलाई सहज रूपमा स्वीकार गर्ने सङ्केत देखिएको छैन ।

अमेरिकी अधिकारीहरूले राष्ट्रपति डोनाल्ड ट्रम्प इरानी प्रस्तावप्रति सन्तुष्ट नरहेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले उल्लेख गरेका विवरणहरूलाई अस्वीकार गरेका छैनन् । यसैबिच, ह्वाइट हाउसमा आयोजित राजकीय भोजका क्रममा ट्रम्पले इरानलाई 'सैन्य रूपमा पराजित' गरिसकेको हास्यास्पद दाबी गर्दै आफ्नो कडा धारणा सार्वजनिक गरे । उनले इरानलाई कहिल्यै आणविक हतियार प्राप्त गर्न नदिने अडान दोहोर्‍याउँदै बेलायतका राजा चार्ल्स तृतीयसमेत यसमा सहमत रहेको दाबी गरे ।

तर तेहरानको प्रतिक्रिया त्यसको ठीक विपरीत देखिएको छ । इरानी सेनाका प्रवक्ताले राज्य टेलिभिजनमार्फत अमेरिकाप्रति कुनै विश्वास नरहेको स्पष्ट पार्दै युद्ध समाप्त भएको नठानिएको बताए । उनले आवश्यक परेमा नयाँ रणनीति र प्रविधिको प्रयोग गरी अझ कडा जवाफ दिन सक्ने चेतावनी दिए ।

पछिल्ला दिनहरूमा वार्ताको प्रयासहरू प्रभावकारी हुन नसकेको देखिएको छ । उपराष्ट्रपति जेडी भान्स प्रस्तावित वार्ताका लागि पाकिस्तान जाने तयारीमा रहे पनि अन्तिम समयमा कार्यक्रम स्थगित भएको थियो । इरानको फार्स समाचार एजेन्सीका अनुसार पाकिस्तानमार्फत आएको नयाँ प्रस्तावमा होर्मुज जलघाँटी लगायतका संवेदनशील विषयलाई 'रेड लाइन' का रूपमा प्रस्तुत गरिएको छ ।

उक्त प्रस्तावअनुसार इरानले जलमार्गमा आफ्नो नियन्त्रण केही खुकुलो बनाउने र त्यसको बदलामा अमेरिकाले इरानी बन्दरगाहमाथिको नाकाबन्दी हटाउने सम्भावना उल्लेख गरिएको छ । यद्यपि, इरानको आणविक कार्यक्रमजस्तो जटिल विषयमा भने विस्तृत वार्ता जारी राख्ने प्रस्ताव गरिएको छ ।

यता इरानी रक्षा मन्त्रालयका प्रवक्ताले भने अमेरिकाले आफ्ना 'अवैध र अव्यावहारिक मागहरू' त्याग्नुपर्ने बताएका छन् । उनले अन्तर्राष्ट्रिय राजनीति परिवर्तन भइसकेको भन्दै अमेरिकाले एकल रूपमा अन्य राष्ट्रहरूलाई निर्देशन दिने अवस्था समाप्त भएको दाबी गरे ।

मध्यस्थकर्ताको भूमिकामा देखिएको कतारले स्पष्ट समाधान ननिस्किए दीर्घकालीन गतिरोधपूर्ण अवस्था कायम रहन सक्ने चेतावनी दिएको छ । यही अनिश्चितताले अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य पुनः उकालो लागेको छ । ब्रेन्ट कच्चा तेलको मूल्य युद्धविरामअघि झरेको स्तरभन्दा माथि पुगेको छ भने वेस्ट टेक्सास इन्टरमिडियेटले पनि दुई हप्तापछि पुनः १०० डलर नाघेको छ ।

युद्ध लम्बिँदै जाँदा अमेरिकाभित्र पनि दबाब बढ्दै गएको छ । आगामी मध्यावधि चुनाव नजिकिँदै गर्दा सर्वसाधारणबिच युद्धप्रति असन्तुष्टि बढ्दो देखिएको छ । यस्तो अवस्थामा ट्रम्पमाथि द्वन्द्वबाट बाहिरिने स्पष्ट मार्ग खोज्न दबाब परेको छ ।

अन्तर्राष्ट्रिय रूपमा समेत आलोचना बढ्दै गएको छ । जर्मन चान्सलर फ्रेडरिक मर्जले अमेरिकासँग स्पष्ट रणनीति नभएको टिप्पणी गर्नुभएको थियो ।

यसैबिच, लेबनान क्षेत्रमा पनि तनाव कायम छ । इरान समर्थित हिजबुल्लाह र इजरायलबिच युद्धविराम विस्तार भए पनि छिटपुट हिंसा जारी छ । लेबनानी सेनाले इजरायली आक्रमणमा आफ्ना दुई सैनिक घाइते भएको जनाएको छ । इजरायलले भने हिजबुल्लाहको गतिविधिलाई युद्धविराम उल्लङ्घन भन्दै विभिन्न क्षेत्र खाली गर्न चेतावनी दिएको छ र ठूलो सुरुङ सञ्जाल ध्वस्त पारिएको दाबी गरेको छ ।

इजरायली विदेशमन्त्री गिदोन सारले आफ्नो देशको लेबनानमा कुनै क्षेत्रीय महत्त्वाकांक्षा नभएको दोहोर्‍याउँदै सशस्त्र समूह निष्क्रिय भएपछि त्यहाँ उपस्थितिको आवश्यकता नपर्ने बताउनुभयो । तर हिजबुल्लाहका नेता नईम कासिमले भने आफ्नो समूह पछि नहट्ने स्पष्ट सङ्केत दिनुभएको छ ।

# निकोबार परियोजनामा तीव्र विवाद

नयाँदिल्ली, १६ वैशाख (एएफपी) । भारतको रणनीतिक रूपमा महत्त्वपूर्ण ग्रेट निकोबार टापुमा प्रस्तावित बहु-अर्ब डलरको मेगापोर्ट तथा सहर विकास योजनाले राजनीतिक, वातावरणीय र मानवअधिकारसम्बन्धी गम्भीर बहस चर्काएको छ । विपक्षी नेता राहुल गान्धीले यस परियोजनालाई 'विकासको नाममा विनाश' भन्दै कडा आलोचना गर्नुभएको छ र यसविरुद्ध अभियान चलाउने सङ्केत दिनुभएको छ ।

नयाँदिल्लीबाट करिब तीन हजार किलोमिटर टाढा अवस्थित ग्रेट निकोबार टापु विश्वकै व्यस्त जलमार्ग स्ट्रेट अफ मलक्काको प्रवेशद्वार नजिक पर्छ । यहाँबाट करिब ३० प्रतिशत विश्व समुद्री व्यापार आवतजावत हुने गर्छ । यही भूराजनीतिक महत्त्वलाई ध्यानमा राख्दै भारत सरकारले करिब नौ अर्ब डलर लागतमा कन्टेनर बन्दरगाह, अन्तर्राष्ट्रिय विमानस्थल र नयाँ सहर निर्माणसहितको व्यापक विकास योजना अघि बढाएको हो ।

तर यो योजनाले ९१० वर्गकिलोमिटर क्षेत्रफलको टापुमा फैलिएको प्राचीन वर्षावन तथा त्यहाँ सदियौँदेखि बसोबास गर्दै आएका आदिवासी समुदायको अस्तित्वमाथि नै प्रश्न उठाएको भन्दै विरोध बढेको छ । राहुल गान्धीले टापुको भ्रमणका क्रममा सार्वजनिक भिडियो सन्देशमार्फत आफूले देखेको अवस्थालाई 'देशको प्राकृतिक र आदिवासी सम्पदामाथिको गम्भीर आक्रमण' को संज्ञा दिनुभयो ।

उहाँका अनुसार यो कुनै साधारण विकास परियोजना नभई लाखौं रुख काटिने, करिब १६० वर्गकिलोमिटर वर्षावन नष्ट गरिने र स्थानीय समुदाय विस्थापित हुने प्रक्रिया हो । उहाँले आदिवासीहरूको भूमि र जीवनशैलीलाई बेवास्ता गरिएको आरोप लगाउँदै यस्तो योजनालाई रोक्न पहल गर्ने स्पष्ट पार्नुभयो ।

यता प्रधानमन्त्री नरेन्द्र मोदीले भने यस परियोजनालाई राष्ट्रिय हितसँग जोड्दै रणनीतिक, रक्षा र आर्थिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण ठहर गर्नुभएको छ । भारतको वातावरणीय अदालतले पनि गत फेब्रुअरीमा यस योजनालाई स्वीकृति दिएको छ, जसले सरकारलाई परियोजना अघि बढाउन कानुनी आधार दिएको छ ।

सरकारका तर्फबाट वातावरणमन्त्री भूपेन्द्र यादवले परियोजनाले स्थानीय आदिवासी समुदायलाई कुनै खतरा नपार्ने र पर्यावरणीय सन्तुलनलाई असर नगर्ने दाबी गर्नुभएको छ । तर अधिकारकर्मी र अन्तर्राष्ट्रिय संस्थाहरूले यस दाबीमाथि प्रश्न उठाउँदै आएका छन् ।

सर्वाइवल इन्टरनेसनलका अनुसार ग्रेट निकोबार टापुमा करिब नौ हजार मानिस बसोबास गर्छन् । तीमध्ये करिब एक हजार २०० जना निकोबारी र सोम्पेनजस्ता आदिवासी समूहका छन् । विशेषगरी सोम्पेन समुदाय अझै बाह्य सम्पर्कबाट टाढा रहँदै आएको शिकारी जीवनशैलीमा निर्भर समूह हो ।

संस्थाकी प्रतिनिधि सोफी ग्रिगले यस परियोजनाले स्थानीय वातावरण मात्र नभई, सम्पर्कविहीन आदिवासी समुदायको अस्तित्वमै गम्भीर सङ्कट ल्याउने चेतावनी दिनुभयो । उहाँले मेगापोर्ट योजनालाई 'गलत अवधारणामा आधारित' भन्दै यसले सम्पूर्ण समुदाय नै लोप हुने खतरा निम्त्याउन सक्ने उल्लेख गर्नुभयो ।

एकातिर रणनीतिक र आर्थिक विकासको तर्क प्रस्तुत भइरहेको र अर्कोतिर वातावरण संरक्षण र आदिवासी अधिकारको प्रश्न बलियो रूपमा उठिरहेको यी परस्परविरोधी दृष्टिकोणबिच ग्रेट निकोबार परियोजना अब केवल पूर्वाधार विकासको मुद्दा नभई दीर्घकालीन प्रभाव र नैतिक उत्तरदायित्वको बहसमा परिणत भएको छ ।

## विश्व सङ्क्षेप

### दक्षिण सुडानमा ७८ लाख मानिस खाद्य असुरक्षाको सामना गर्दै : अन्तर्राष्ट्रिय सङ्घ संस्था

न्युयोर्क, १६ वैशाख (क्युएनए) । दक्षिण सुडानमा बढ्दो भोकमरी सङ्कटका कारण सन् २०२६ अप्रिलदेखि जुलाईसम्म ७८ लाख मानिसहरूलाई चरम खाद्य असुरक्षाको अवस्थामा धकेल्ने चेतावनी अन्तर्राष्ट्रिय संस्थाहरूले दिएका छन् ।

संयुक्त राष्ट्र सङ्घको खाद्य तथा कृषि सङ्गठन (एफएओ), विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) र संयुक्त राष्ट्रसङ्घीय बाल कोष (युनिसेफ) ले आफ्नो पछिल्लो एकीकृत खाद्य सुरक्षा वर्गीकरण (आइपीसी) रिपोर्ट सार्वजनिक गर्दै यस्तो बताएका हुन् । रियोर्टमा उल्लेखित तथ्याङ्कले दक्षिणी सुडानको कुल जनसङ्ख्याको ५६ प्रतिशत मानिसहरू हाल तीव्र खाद्य असुरक्षाको सामना गर्न बाध्य भएको जनाएको छ ।

प्रतिवेदनका अनुसार ७३ हजार ३०० मानिसहरूले दुखद एंव "विनाशकारी" भोकमरी सङ्कटको सामना गरिरहेका छन् ।

यस अघि २५ लाख मानिसहरू भोकमरीको आपतकालीन चरणको सामना गदै बाँचिरहेको बताईको थियो भने ५३ लाख मानिसहरू सङ्कटको चरणमा बाँचिरहेका छन् ।

संयुक्त राष्ट्र सङ्घका एजेन्सीहरूले बढ्दो द्वन्द्व, सामूहिक विस्थापन, आर्थिक गिरावट, जलवायु परिवर्तन कृषि उत्पादनमा कमीको कारण यो सङ्कट बढेको बताएका छन् ।

आईपीसी रिपोर्ट संयुक्त राष्ट्रका एजेन्सीहरू, क्षेत्रीय साझेदारहरू र सहायता संस्थाहरूको समन्वयमा गरिने विश्वव्यापी पहल हो यसले खाद्य असुरक्षालाई विभिन्न पाँच चरणमा वर्गीकृत गरी अध्यन अनुसन्धान गर्दछ ।

### गाजामा सहायता प्रवाह अनुमति दिन इजरायललाई राष्ट्रसङ्घको आह्वान

जेनेभा, १६ वैशाख (क्यूएनए) । मानव अधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्त थमीन अल खितानले इजरायललाई आधारभूत जीवन यापनका लागि अत्याआवश्यक वस्तुहरूमा लगाइएका प्रतिबन्धहरू हटाइ गाजापट्टीमा मानवीय सहायताको प्रवेशलाई अनुमति दिन आह्वान गर्नुभएको छ ।

जेनेभामा आयोजित संयुक्त राष्ट्रसङ्घको साप्ताहिक पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै प्रवक्ता अल खितानले यस्तो अपिल गर्नुभएको हो ।

प्रवक्ता अल खितानले इजरायललाई गाजामा प्यालेस्टिनीहरूको आधारभूत आवश्यकताहरू पूरा गर्न र मानवीय सहायताको प्रवेश र प्रवाहमा लगाएका सबै प्रतिबन्धहरू हटाई सुरक्षा सुनिश्चित गर्न सुझाव दिनुभएको छ ।

लामो समयको निरन्तरको द्वन्द्वले स्वच्छ पिउने पानी, खाना, खाना पकाउने ग्यास लगायएतका अत्यावश्यक आपूर्तिको तीव्र अभावलाई औंल्याउँदै गाजाको अवस्था निकै गम्भीर रहेको उहाँले बताउनुभएको छ ।

सन् २०२५ अक्टोबरदेखि गाजामा युद्धविराम भएता पनि, यस क्षेत्रले कडा नाकाबन्दी साथसाथै दैनिक इजरायली आक्रमणको सामना गरिरहेको छ जसको परिणामस्वरूप हजारौं नागरिक हताहत भएको जनाइएको छ ।

# दक्षिण कोरिया : युनको सजाय बढ्यो

सियोल, १६ वैशाख (एएफपी) । दक्षिण कोरियामा पूर्वराष्ट्रपति युन सुक योलविरुद्धको कानुनी कारबाही थप कठोर बन्दै गएको छ । न्याय प्रक्रियामा अवरोध पुर्‍याएको अभियोगमा पहिले दिइएको पाँच वर्षको जेल सजायलाई उच्च अदालतले बढाएर सात वर्ष पुर्‍याएको छ । यसले उहाँमाथिको कानुनी सङ्कट अझ गहिरिएको सङ्केत दिएको छ ।

सियोल उच्च अदालतले बुधबार गरेको फैसलामा युनको कार्यलाई 'अत्यधिक निन्दनीय' ठहर गर्दै सजाय बढाएको हो । अदालतका न्यायाधीशका अनुसार युनले पक्राउ वारेन्ट कार्यान्वयनमा अवरोध पुर्‍याउने प्रयास मात्र नगरेर राज्यका सुरक्षाकर्मीहरूलाई निजी प्रयोजनका लागि प्रयोग गर्न खोज्नुभएको थियो ।

यसअघि जनवरीमा तल्लो अदालतले राष्ट्रपति सुरक्षा एजेन्सीका सदस्यहरूलाई प्रयोग गरेर आफ्नै गिरफ्तारी रोक्न खोजेको प्रमाणित भएपछि पाँच वर्षको सजाय सुनाएको थियो । त्यस निर्णयविरुद्ध युन र अभियोजन पक्ष दुवैले अपिल गरेका थिए । युनले आफ्नो गिरफ्तारी वारेन्ट नै 'गैरकानुनी अनुसन्धान' मा आधारित रहेको दाबी गर्नुभएको थियो भने विशेष अभियोजकहरूले उहाँको अपराधको गम्भीरता हेर्दा कम्तीमा १० वर्षको सजाय हुनुपर्ने माग गरेका थिए ।

उच्च अदालतले भने दुवै पक्षका तर्क सुनेपछि सजाय बढाएर सात वर्ष कायम गरेको हो । फैसलामा अदालतले सार्वजनिक पदको दुरूपयोग गर्दै राज्य संयन्त्रलाई व्यक्तिगत सुरक्षाका लागि प्रयोग गर्न खोज्नु कानुनी शासनविरुद्धको गम्भीर कार्य भएको उल्लेख गरेको छ ।

फैसला सुनुवाइका क्रममा कालो सूट र सेतो सर्टमा अदालतमा उपस्थित युनले कुनै विशेष प्रतिक्रिया नदेखाएको जनाइएको छ । युन सुक योलले पहिले नै अर्को गम्भीर मुद्दामा सजाय भोगिरहनुभएको छ । सन् २०२४ को अन्त्यतिर मार्सल ल लागू गर्ने असफल प्रयाससँग जोडिएको विद्रोहको नेतृत्व गरेको अभियोगमा उहाँलाई आजीवन कारावासको सजाय सुनाइएको छ । यस नयाँ फैसलाले उहाँमाथिको राजनीतिक र कानुनी भविष्य थप जटिल बनेको देखिएको छ ।

# कार्ययोजना अभावमा वन संरक्षण क्षेत्र अलपत्र

- इन्द्राकुमारी केसी

घोडाघोडी (कैलाली), १६ वैशाख । मुलुकमा सङ्घीय संरचना लागू भएपछि वन व्यवस्थापनलाई अझ व्यवस्थित, उत्तरदायी र प्रभावकारी बनाउने उद्देश्यले सङ्घ र प्रदेश दुवै तहबाट कानुनी तथा नीतिगत व्यवस्था गरिए पनि कार्यान्वयनमा भने संरक्षण क्षेत्र अपेक्षित रूपमा सक्रिय र परिणाममुखी हुन सकेका छैनन् ।

सुदूरपश्चिम प्रदेशको कैलालीस्थित वसन्ता वन संरक्षण क्षेत्र र कञ्चनपुरको लालझाडी-मोहना वन संरक्षण क्षेत्रलाई यस अवस्थाको प्रतिनिधि उदाहरणका रूपमा लिन सकिन्छ ।

विसं २०६८ फागुन १५ गते औपचारिक रूपमा वन संरक्षण क्षेत्र घोषणा गरिएको यी दुवै क्षेत्रले करिब ९८ हजार ६४३ हेक्टर क्षेत्रफल ओगटेको छ । यी क्षेत्रहरू नेपाल-भारत सीमावर्ती भूभागमा अवस्थित भई वन्यजन्तुको आवागमनका लागि महत्त्वपूर्ण जैविक मार्गका रूपमा परिचित छन् । वसन्ता वनले तराई र चुरे क्षेत्रबिचको पारिस्थितिकीय सम्बन्ध कायम राख्नुका साथै भारतस्थित दुधवा नेशनल पार्कसँगको अन्तरसम्बन्धलाई समेत जीवन्त बनाएसँगै दुर्लभ तथा सङ्कटापन्न वन्यजन्तुको आवागमन र वासस्थान संरक्षणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ ।

प्रदेश सरकारले डडेलधुराको महाभारत क्षेत्र, बैतडीको ग्वालेक केदार र सिँगास, अछामको रामारोशन तथा डोटीको तेले लेक गरी थप पाँच वटा क्षेत्रलाई प्रस्तावित वन संरक्षण क्षेत्रका रूपमा अघि सारेको छ । यी प्रस्तावित क्षेत्रहरूको कुल क्षेत्रफल करिब ८३ हजार ५६१ हेक्टर रहेको छ, जसले प्रदेशको जैविक विविधता संरक्षण र पर्या-पर्यटन प्रवर्द्धनमा दीर्घकालीन योगदान पुर्‍याउने अपेक्षा गरिएको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दृष्टिकोणबाट वातावरणीय, पारिस्थितिकीय, वैज्ञानिक वा सांस्कृतिक रूपमा महत्त्वपूर्ण मानिएका, विशेषगरी जलाधार संरक्षणका हिसाबले संवेदनशील देखिएका क्षेत्रहरू जसमा संरक्षित क्षेत्र बाहिर रहेका वन, वनस्पति तथा वन्यजन्तुको संरक्षण र व्यवस्थापन आवश्यक ठानिएको छ ।

यसले संरक्षण र विकासबिच सन्तुलन कायम गर्दै स्थानीय समुदायको सहभागितामूलक व्यवस्थापनलाई समेत प्रोत्साहन गर्ने उद्देश्य राखेको छ ।

यस्ता महत्त्वपूर्ण क्षेत्रहरू घोषणा गरिएको १५ वर्ष बितिसक्दा पनि व्यवस्थापनका आधारभूत उपकरण मानिने कार्ययोजना समयमै अद्यावधिक हुन सकेका छैनन् । नियमअनुसार प्रत्येक पाँच वर्षमा नवीकरण गर्नुपर्ने कार्ययोजना २०७३ सालमै नवीकरण भइसक्नुपर्ने भए पनि हालसम्म त्यसको प्रक्रिया पूरा हुन सकेको छैन । कार्ययोजना अभावले संरक्षण गतिविधि, बजेट व्यवस्थापन, समुदायको संलग्नता तथा दीर्घकालीन रणनीतिक कार्यान्वयनमा प्रत्यक्ष असर परेको देखिन्छ । यसले वन संरक्षण क्षेत्रको प्रभावकारिता घटाउँदै लैजानुका साथै सम्बन्धित निकायबिचको समन्वय र उत्तरदायित्वबारे समेत प्रश्न उठाएको छ ।

देशको करिब ४६ प्रतिशतभन्दा बढी भू-भाग वनले ढाकिएको अवस्थामा यसको संरक्षण, समुचित उपयोग र दिगो व्यवस्थापन राष्ट्रिय प्राथमिकताको विषय बनेको छ । वन ऐन २०७६ मा विभिन्न खालका वन व्यवस्थापन पद्धतिहरूमध्ये वन संरक्षण क्षेत्र एक महत्त्वपूर्ण संरचनात्मक उपायका रूपमा रहेको छ । नेपालको वन क्षेत्र जैविक विविधता संरक्षण, वातावरणीय सन्तुलन कायम राख्ने तथा स्थानीय समुदायको जीविकोपार्जन सुनिश्चित गर्ने दृष्टिले अत्यन्त महत्त्वपूर्ण आधारका रूपमा रहेको छ ।

### कानुन छन्, तर कार्यान्वयनमा अन्योल

सङ्घीय र सुदूरपश्चिम प्रदेशको वन ऐन तथा नियमावलीमा वन संरक्षण क्षेत्र व्यवस्थापनका लागि दोहोरो जिम्मेवारीसहितको छुट्टाछुट्टै विवादित प्रावधानहरू रहेका छन् । सङ्घीय वन नियमावली, २०७९ अनुसार वन तथा भू-संरक्षण विभागले वन संरक्षण क्षेत्रको कार्ययोजना तयार गरी वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत गराई त्यस्तो कार्ययोजना डिभिजनल वन अधिकृतले कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ तर सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७ ले भने फरक प्रक्रिया तोकेको छ ।

उक्त नियमावलीअनुसार डिभिजन वन कार्यालयले कार्ययोजना तयार गर्ने, त्यसलाई वन निर्देशनालयको सिफारिसमा प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले स्वीकृत गरी डिभिजनल वन अधिकृतले कार्यान्वयन गर्ने व्यवस्था रहेको छ । एउटै विषयमा सङ्घीय र प्रदेश कानुनमा फरक-फरक व्यवस्था हुँदा कार्ययोजना निर्माण र स्वीकृतिमा अन्योल उत्पन्न भएको डिभिजन वन कार्यालय पहलमानपुरका डिभिजनल वन अधिकृत जनक पाध्या बताउनुहुन्छ । उहाँका अनुसार बसन्ता वन संरक्षण क्षेत्रको प्रारम्भिक कार्ययोजना वन विभागले तयार गरी स्वीकृत गरेको थियो । “पहिलेको कार्ययोजना वन विभागले बनाएको हो, अहिले नयाँ कानुनी व्यवस्था आएपछि कसले बनाउने भन्ने अन्योल छ”, उहाँले भन्नुभयो ।

### कार्ययोजना ढिलाइले वन संरक्षण प्रभावित

वन संरक्षण क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि कार्ययोजनाले संरक्षणका गतिविधि, बजेट, जनशक्ति परिचालन र कार्यान्वयनको ढाँचा तय गर्छ तर कैलालीको वसन्ता वन संरक्षण क्षेत्र र कञ्चनपुरस्थित लालझाडी-मोहना वन संरक्षण क्षेत्रको कार्ययोजना नवीकरण हुन सकेको छैन । सङ्घीय सरकारले घोषणा गरेका संरक्षित वन क्षेत्र कार्ययोजना अभावमा प्रभावहीन बन्दै गएका छन् ।

डिभिजन वन कार्यालय कञ्चनपुरका डिभिजनल वन अधिकृत लक्ष्मीराज जोशी आगामी आर्थिक वर्षमा कार्ययोजना नवीकरण गर्ने तयारी भइरहेको बताउनुहुन्छ । वन संरक्षण क्षेत्र सञ्चालनका लागि आवश्यक बजेटको अभाव अर्को ठूलो समस्या बनेको छ । लालझाडी-मोहना वन संरक्षण क्षेत्रका सदस्य सचिव तथा वरिष्ठ वन अधिकृत भरत शाहका अनुसार चालु आर्थिक वर्षमा यस क्षेत्रका लागि बजेट नै विनियोजन भएन ।

कार्ययोजनाअन्तर्गत वन गस्ती, जैविक विविधता संरक्षण, वन्यजन्तु संरक्षण, जनचेतना कार्यक्रम र समुदायको सहभागिता अभिवृद्धि गर्ने गतिविधि सञ्चालन गर्नुपर्ने भए पनि बजेट अभावले ती काम नियमित रूपमा गर्न कठिन भइरहेको छ । “संरक्षण क्षेत्र नाममै सीमित जस्तो भएको छ शाह भन्नुहुन्छ, “हामीले गर्नुपर्ने संरक्षणका नियमित गतिविधिहरू सञ्चालन गरिरहेका छौँ ।”

चालु आवमा सङ्घीय सरकारले कैलालीको वसन्ता वन संरक्षणका लागि रु. ३५ लाख मात्रै बजेट विनियोजन गरेको छ । उक्त बजेट कर्मचारी व्यवस्थापनमै सीमित हुँदा वन संरक्षण, जैविक विविधता संरक्षण र जीविकोपार्जनसँग सम्बन्धित कार्यक्रम सञ्चालन हुन सकेका छैनन् ।

वन संरक्षण क्षेत्र परिषद्ले भने विभिन्न सरोकारवालासँग सहकार्य गर्दै संरक्षणका गतिविधिहरू अघि बढाइरहेको वसन्ता वन परिषद्का अध्यक्ष पुष्कल बहादुर बम बताउनुहुन्छ । उहाँका अनुसार समुदायको सहभागिता बढाउने, जनचेतना फैलाउने र वन्यजन्तु संरक्षणमा ध्यान दिने काम भइरहेको छ ।

कार्ययोजना निर्माणका लागि ‘जल, जङ्गल र जमिन’ परियोजनासँग समन्वय भइरहेको थियो । तर, परियोजना समाप्त भएपछि कार्ययोजना निर्माणको काम बिचमै अलपत्र परेको वसन्ता वन परिषद्का अध्यक्ष बम बताउनुहुन्छ । “परिषद्लाई अझ प्रभावकारी बनाउन कार्ययोजना छिटो स्वीकृत हुन आवश्यक रहेको उहाँको भनाइ छ ।

वन संरक्षण क्षेत्रहरूको कार्ययोजना निर्माण तथा नवीकरणमा ढिलाइ हुँदा संरक्षणका गतिविधि प्रभावकारी हुन नसकेको प्रदेश वन निर्देशक हेमराज विष्ट बताउनुहुन्छ । उहाँले लालझाडी-मोहनाको कार्ययोजना नवीकरणका लागि अन्तर्राष्ट्रिय साझेदारको आर्थिक सहयोगमा तयारी, सरोकारवालासँग प्रस्तुतीकरण र आवश्यक प्रक्रिया पूरा गरिए पनि अझै स्वीकृतिको अन्तिम चरणमै रहेको जानकारी दिनुभयो ।

त्यस्तै वसन्ता क्षेत्रको कार्ययोजना पनि तयार भई केन्द्रमा पठाइएपछि स्वीकृतिबारे स्पष्ट जानकारी नआएको उहाँको भनाइ छ ।

सङ्घीय र प्रदेश तहबिच स्वीकृतिको अधिकार कसले प्रयोग गर्ने भन्ने विषयमा रहेको अन्योलले पनि प्रक्रिया लम्बिएको उहाँले उल्लेख गर्नुभयो । निर्देशक विष्टका अनुसार कार्ययोजना स्वीकृत नहुँदा आवश्यक बजेट, कार्यक्रम र जनशक्ति अभावका कारण उद्देश्यअनुसार वन संरक्षण क्षेत्रको व्यवस्थापन हुन सकेको छैन ।

स्थानीय समुदायको सहभागिता कमजोर हुनु पनि अर्को चुनौतीका रूपमा देखिएको निर्देशक बिष्टले बताउनुभयो । वन संरक्षण क्षेत्र सरकारको मात्र हो भन्ने बुझाइका कारण स्थानीयले चासो नदिँदा सामुदायिक वनमा बढी दबाब पर्ने र संरक्षण क्षेत्रभित्र अपेक्षित संरक्षण नहुने अवस्था सिर्जना भएको उहाँको भनाइ छ । उहाँ भन्नुहुन्छ, वन संरक्षण क्षेत्र घोषणा गर्नुको उद्देश्य जैविक विविधता संरक्षण, पारिस्थितिक सन्तुलन कायम र पर्या-पर्यटन प्रवर्द्धन भए पनि आवश्यक स्रोत-साधन र कार्यक्रम नहुँदा लक्ष्य हासिल हुन सकेको छैन ।


वन संरक्षण क्षेत्र व्यवस्थापनका लागि संरक्षण परिषद् गठन गरी विभिन्न निकाय र समुदायलाई समेट्ने प्रयास भए पनि कार्ययोजना र बजेट अभावका कारण परिषद् प्रभावकारी बन्न सकेको छैन । वन संरक्षण क्षेत्र व्यवस्थापनमा देखिएका समस्या समाधानका लागि सबैभन्दा पहिले कार्ययोजनाको शीघ्र स्वीकृति आवश्यक रहेको निर्देशक विष्टले जोड दिनुभयो । सङ्घ र प्रदेशबिचको अधिकार स्पष्ट गर्दै निर्णय प्रक्रिया छिटो बनाउनुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो ।

### संरक्षणमा ग्रामीण सहजकर्ता

वन संरक्षण क्षेत्रमा स्थानीय समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्न ग्रामीण सहजकर्तालाई परिचालन गरिएको छ । वसन्ता वन संरक्षण क्षेत्रमा हाल सात जना ग्रामीण सहजकर्ता कार्यरत छन्, जसले समुदायसँग प्रत्यक्ष रूपमा जोडिएर संरक्षणसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने काम गरिरहेका छन् । उनीहरूले गाउँगाउँमा पुगेर वनको महत्त्व, जैविक विविधता संरक्षण र दिगो उपयोगबारे जानकारी दिने, छलफल गर्ने तथा स्थानीयलाई सहभागितामूलक कार्यक्रमतर्फ आकर्षित गर्ने जिम्मेवारी निर्वाह गरिरहेका छन् ।

वसन्ताअन्तर्गत सुखड सब-डिभिजन वन कार्यालयमा कार्यरत ग्रामीण सहजकर्ता ज्ञानु चौधरीले समुदायसँग प्रत्यक्ष जोडिएर काम गरिरहनुभएको छ । उहाँ भन्नुहुन्छ, “मानिस बिस्तारै संरक्षणमा सहभागी हुन थालेका छन् ।” थारू गायक मनीराम चौधरी ग्रामीण सहजकर्ताका रूपमा आबद्ध भई उदासीपुर सब-डिभिजन वन कार्यालयअन्तर्गत कार्यरत हुनुहुन्छ । उहाँ विभिन्न सचेतनामूलक कार्यक्रमहरूमा सहभागी भई संरक्षणसम्बन्धी सन्देश गीतमार्फत प्रस्तुत गर्नुहुन्छ । स्थानीय भाषामा गाइने यस्ता गीतहरूले समुदायमा छिटो प्रभाव पार्ने र सन्देशलाई सहज रूपमा बुझ्न सहयोग पुग्ने भएकाले गीतमार्फत पनि संरक्षणका क्रियाकलाप गरिरहेको उहाँ बताउनुहुन्छ ।

ग्रामीण सहजकर्ता महेश चौधरीका अनुसार वन संरक्षण कार्यक्रमले स्थानीय बासिन्दामा सकारात्मक परिवर्तन ल्याउन थालेको छ । उहाँका अनुसार समुदायमा वन संरक्षणप्रति चासो बढ्दो छ र अवैध दोहन तथा वनमा हुने क्षतिमा पनि केही कमी आएको अनुभव गरिएको छ । संरक्षणलाई अझ प्रभावकारी बनाउन स्थानीय समुदायलाई जोड्ने गरी कार्यक्रम ल्याउनुपर्नेमा उहाँको जोड छ । *(रासस)*




# मनास्लु क्षेत्रमा पुगे १५ हजार पर्यटक

गोरखा, १६ वैशाख । प्रसिद्ध पर्यटकीय क्षेत्र मनास्लुमा अहिलेसम्मकै धेरै पर्यटक पुगेका छन् । यस क्षेत्रको व्यवस्थापनको जिम्मा लिएको मनास्लु संरक्षण क्षेत्र आयोजना (एमक्याप) का अनुसार गत वर्ष २०८२ मा करिब १५ हजार जना पर्यटकले सो क्षेत्रको भ्रमण गरेका हुन् ।

विदेशी र स्वदेशी गरी १४ हजार ८९९ जना पर्यटकले यस वर्ष मनास्लु आरोहण गरेका एमक्यापका सूचना अधिकारी भुवन ओझाले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “२०८१ सालमा १० हजार ४२३ जनाले मनास्लु भ्रमण गरेका थिए । २०८१ को तुलनामा २०८२ मा चार हजार ४७६ जना पर्यटकको सङ्ख्या वृद्धि भएको छ । हरेक महिनाको पर्यटक सङ्ख्या तुलना गर्दा अघिल्लो वर्षभन्दा २०८२ मा बढेको देखिन्छ । यसले मनास्लु क्षेत्रको पर्यटन सुधार भएको सङ्केत गर्दछ ।”

वैशाख, जेठ, असोज र कार्तिक महिनामा सबैभन्दा धेरै पर्यटक आएको एमक्यापले जनाएको छ । असार, साउन र माघजस्ता बेमौसमका महिनामा पनि पर्यटक सङ्ख्या उल्लेखनीय वृद्धि भएको देखिएको ओझाको भनाइ छ । अन्य सबै महिनामा वृद्धि भए पनि चैत महिनामा भने पर्यटक सङ्ख्या घटेको देखिन्छ । अमेरिका, इजरायल, इरान तथा अरबी मुलुकहरूमा विद्यमान युद्ध बढ्दो तनावका कारण विश्वव्यापी पर्यटन प्रभावित भएको एमक्यापको निष्कर्ष छ ।

# अतिक्रमित जग्गामा बनाइएका घरटहरा खाली गर्न आग्रह

काठमाडौँ, १६ वैशाख । जिल्ला प्रशासन कार्यालय काठमाडौँले जिल्लाका विभिन्न स्थानीय तहका नदी किनारका बस्ती एवं सरकारी, पर्ती, सार्वजनिक वा व्यक्तिको निजी स्वामित्वका जग्गा अतिक्रमण गरी निर्माण गरिएका घरटहरा तत्काल खाली गर्न आग्रह गरेको छ ।

कार्यालयले बुधबार सार्वजनिक सूचना जारी गर्दै त्यस्ता जग्गामा निर्माण गरिएका घरटहरा वैशाख १७ गते साँझसम्म खाली गर्न आग्रह गरेको हो । विपद्को उच्च जोखिममा रहेका ती बस्तीहरू वैशाख १८ गते बिहान ७:०० बजेदेखि खाली गर्न थालिने सहायक प्रमुख जिल्ला अधिकारी मुक्तिराम रिजालद्वारा बुधबार जारी सूचनामा उल्लेख छ ।

अतिक्रमित जग्गामा बनेका बस्तीमा रहेका बिरामी, अशक्त, वृद्धवृद्धा, गर्भवती, सुत्केरी वा बालबालिकालाई सुरक्षित स्थानमा सार्न, स्थानान्तरण कार्यमा प्रहरीको सहायता लिन, व्यक्तिगत मालसामान, लत्ताकपडा, पशुपन्छी चौपाया बाहिर निकाल्न कार्यालयले आग्रह गरेको छ ।

वास्तविक भूमिहीन एवं परिवारको पहिचान गरी दिगो रूपमा समस्या समाधान गर्ने कार्य यथाशीघ्र अघि बढ्ने र नक्कली एवं अवास्तविक भूमिहीन भनिएका व्यक्ति एवं परिवारको पहिचान गरी कानुनी दायरामा ल्याइने कार्यालयले जनाएको छ ।

# निजामती कर्मचारीको तलब १५ दिनमा भुक्तानी सुरू

काठमाडौँ, १६ वैशाख । सरकारले निजामती कर्मचारीलाई हरेक १५ दिनमा तलब भुक्तानी गर्ने प्रणालीको औपचारिक सुरूआत गरेको छ । अर्थ मन्त्रालयका अनुसार उक्त व्यवस्था पाइलट परियोजनाका रूपमा बुधबारदेखि कार्यान्वयनमा ल्याइएको हो ।

अर्थ मन्त्रालयमा आयोजित कार्यक्रममा अर्धमासिक तलब वितरण प्रणालीको शुभारम्भ गर्नुभयो । महालेखा नियन्त्रक कार्यालयमार्फत कम्प्युटराइज्ड गभरमेन्ट एकाउन्टिङ सिस्टम (सिगास) प्रयोग गरी कोष तथा लेखा नियन्त्रक कार्यालयमा भुक्तानी आदेश पठाएर यो प्रणाली सुरू गरिएको हो । योसँगै अर्थ मन्त्रालयका कर्मचारीहरूले वैशाख महिनाको पहिलो १५ दिनको तलब प्राप्त गरेका छन् ।

# किताबखानाको पूर्ण डिजिटल प्रणाली सुरू, निजामती विवरण अब अनलाइनमै

काठमाडौँ, १६ वैशाख । निजामती कर्मचारीहरूले अब आफ्ना विवरण अनलाइनबाटै हेर्न तथा अद्यावधिक गर्न सक्ने भएका छन् । बुधबारबाट सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गतको राष्ट्रिय किताब खाना (निजामती) ले आफ्ना सबै सेवाहरू अनलाइन प्रणालीमार्फत सञ्चालनमा ल्याएको छ । यो सँगै अब सेवाग्राही तथा सम्बन्धित कर्मचारीहरूले निजामतीसम्बन्धी सेवाका लागि विभागमा भौतिक रूपमा उपस्थित हुनुपर्ने छैन । अनलाइनमार्फत सीट रोल दर्ता, व्यक्तिगत विवरण अद्यावधिकजस्ता सेवाहरू आफ्नै स्थानबाट सेवा लिन सकिने किताबखानाले जनाएको छ ।

# ८० वर्षपछि रूसी विजय परेडमा ट्याङ्क र मिसाइल नदेखिने

वासिङटन, १६ वैशाख (एएफपी)। ८० वर्षपछि रूसको विजय दिवसको परेडमा ट्याङ्क र मिसाइल नदेखिने रूसी सञ्चारमाध्यमले जनाएका छन् ।

सन् २०२२ मा युक्रेन युद्ध सुरु भएयता पहिलो पटक रुसले मे ९ मा सैन्य उपकरणबिना विजय दिवस परेड आयोजना गर्नेछ । रक्षा मन्त्रालयले कुनै उपकरणविना विजय जुलुस मनाउनुलाई परिचालनका लागि हालको अवस्थालाई कारणका रूपमा जनाए पनि यसबारे विस्तृत विवरण दिएको छैन ।

रुसले मे ९ मा दोस्रो विश्वयुद्धमा नाजी जर्मनीमाथि विजय हासिल गरेको ८१ औं वार्षिकोत्सव मनाउँदै छ । रुसी रक्षा मन्त्रालयले राजधानी मस्कोको रेड स्क्वायरमा हुने विजय दिवस सैन्य प्रदर्शनमा यसपटक सैन्य उपकरणको प्रदर्शन नहुने घोषणा गरेको छ ।

सन् २०२२ मा युक्रेनमा पूर्ण मात्रामा आक्रमण सुरु भएदेखि यस वर्ष रूसी ट्याङ्क, मिसाइल प्रणाली र अन्य भारी सैन्य सवारी साधनहरू परेडमा समावेश हुने छैनन् । सामान्यतया यो परेडलाई रुसको सैन्य शक्तिको ठूलो प्रदर्शनका रुपमा लिइन्छ ।

रक्षा मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै भनेको छ, "अहिलेको परिचालन अवस्थालाई मध्यनजर गर्दै यस्तो निर्णय लिइएको छ । यसको पछाडिको कारण भने विस्तृत रूपमा बताइएको छैन ।"

परेडमा विभिन्न सैन्य शैक्षिक संस्थाका क्याडेटहरू र सेनाका केही शाखाका कर्मचारीहरू सहभागी हुनेछन् भने परम्परागत हवाई फ्लाइओभर जारी रहनेछ ।

विजय दिवस रूसको सबैभन्दा महत्त्वपूर्ण राष्ट्रिय उत्सव मानिन्छ । रुसले दोस्रो विश्वयुद्धमा नाजी जर्मनीमाथि विजय हासिल गरेको कुरालाई महान् देशभक्तिपूर्ण युद्धका रूपमा सम्झने गरेको छ ।

सोभियत सङ्घमा लाखौं मानिसको ज्यान लिएको युद्धले देशको सामूहिक स्मृतिमा गहिरो प्रभाव पारेको छ ।

राष्ट्रपति भ्लादिमिर पुटिनले आफ्नो लामो शासनकालमा विजय दिवसलाई राष्ट्रिय गौरव र शक्ति प्रदर्शनको प्रमुख प्रतीक बताउनुभएको छ । उनीहरूले युक्रेन युद्धको औचित्य पुष्टि गर्न यस ऐतिहासिक विजयको सन्दर्भलाई पनि प्रयोग गरिरहेका छन् ।

गत वर्षको परेड भव्य थियो, जसमा ११ हजार ५०० भन्दा बढी सैनिक र १८० भन्दा बढी सैन्य गाडीहरू सहभागी थिए । यसले युक्रेन युद्धमा प्रयोग गरिएको अन्तरमहादेशीय ब्यालेस्टिक मिसाइल यार्स, ट्याङ्क र हतियारहरू पनि प्रदर्शन गरेको थियो । त्यसबेला चिनियाँ राष्ट्रपति सी चिनफिङ र ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला डा सिल्भाजस्ता विश्वका धेरै नेताहरू उपस्थित थिए ।

यद्यपि, सन् २०२३ मा पहिले नै परेडलाई स्थगित गरिएको थियो ।

# राजनीतिक कार्यकर्ताले देश विदेशबारे जानकारी राख्नु आवश्यक



कैलाली, १६ वैशाख । नेपाल मजदुर किसान पार्टी कैलालीको आयोजनामा लम्कीचुहा नपा वडा नं. ५ तिलकपुरमा मतदाताहरूलाई धन्यवाद तथा केन्द्रीय समितिको बैठकको सन्देश तथा १३७ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले प्रतिनिधिसभा सदस्य निर्वाचनमा मादल चिन्हमा छाप हाल्ने मतदाताहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले राजनीति हाम्रो जीवनसँग जोडिएको हुनाले सबैले बुझ्नुपर्ने बताउनुभयो ।

उहाँले हाम्रो यात्रा समाजवादी आजुमा पुग्ने हो; हाम्रो लक्ष्यमा पुग्न आइलाग्ने बाधा, अड्चन कठिनाइलाई सङ्घर्ष र आन्दोलनको माध्यमबाट परास्त गर्न सकिन्छ भनी कार्यकर्तालाई उत्साहित पार्नुभयो ।

उहाँले भन्नुभयो, "पुँजीवादी व्यवस्थामा पुँजीपतिले निर्वाचन जित्नु कुनै ठूलो कुरा होइन; राजनीतिक कार्यकर्तालै देश र विदेशको बारेमा जानकारी राख्न पार्टी प्रकाशन अध्ययन गर्नुपर्छ ।"

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं कैलाली संयोजक रमेशकुमार रावलले केन्द्रीय समितिको बैठकको सन्देशबारे जानकारी दिँदै चुनाव हारे पनि समाजवादी विचार नहारेको बताउनुभयो । नेमकिपाले कामदार जनताको शासन व्यवस्था समाजवादका लागि सङ्घर्ष गरिरहेको उहाँले स्पष्ट पार्नुभयो ।

नेपाल मजदुर किसान पार्टीको सिद्धान्त र विचार सही र स्पष्ट भएकोले जनतालाई धोका नहुने स्पष्ट पार्दै उहाँले शासक पार्टीको गलत कार्यको विरोध गर्नुपर्ने प्रस्ट पार्नुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सहसचिव लक्ष्मी पुनमगरले निर्वाचनबाट समाजवाद आउँदैन; समाजवादी व्यवस्थाबिना कामदार जनताको हित नहुने बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी कैलालीका सदस्य ज्योति बडुवालले रास्वपाको सरकारले सुकुमवासीलाई पूर्वतयारीबिना उठीबास गर्नु गलत भएको बताउनुभयो ।

जीवी शाही, एमवी र कैलालीका पार्टी सचिव गगनबहादुर थापामगरले मजदुरहरूले आठ घण्टा काम, आठ घण्टा मनोरञ्जन र आठ घण्टा आरामको अवसर पाउनु नै 'मे' १ को ठूलो महत्त्व भएको प्रस्ट पार्नुभयो ।

# सुडानमा यौन हिंसाले गहिरिँदो मानसिक सङ्कट

जेनेभा, १६ वैशाख (एएफपी)। सुडानमा जारी द्वन्द्वका क्रममा यौन हिंसालाई सुनियोजित रूपमा प्रयोग गरिँदा त्यसको प्रभाव केवल शारीरिक क्षतिमा सीमित नरही गम्भीर मानसिक स्वास्थ्य सङ्कटमा परिणत भइरहेको भन्दै संयुक्त राष्ट्रसङ्घसँग आबद्ध निकायहरू र स्थानीय सहायता समूहहरूले चिन्ता व्यक्त गरेका छन् । उनीहरूले यस्तो हिंसाबाट बचेकाहरूका लागि तत्काल र दीर्घकालीन मनोसामाजिक सहयोग अपरिहार्य रहेकोमा जोड दिएका छन् ।

अप्रिल २०२३ देखि सुडानी सेना र अर्धसैनिक द्रुत समर्थन बल (आरएसएफ) बिच जारी भीषण द्वन्द्वले दशौं हजार मानिसको ज्यान लिइसकेको छ भने करिब एक करोड १० लाख मानिस विस्थापित भएका छन् । यही हिंसात्मक वातावरणमा बलात्कार र अन्य यौन अपराधहरूलाई युद्धको हतियारका रूपमा प्रयोग गरिएको विभिन्न प्रतिवेदनहरूले देखाएका छन् ।

मेडिकल च्यारिटी डक्टरस विदाउट बोर्डर्सका अनुसार जनवरी २०२४ देखि नोभेम्बर २०२५ सम्म उत्तर र दक्षिण डार्फर क्षेत्रमा उनीहरूले सञ्चालन गरेका स्वास्थ्य केन्द्रहरूमा यौन हिंसाबाट बचेका कम्तीमा तीन हजार ३९६ जनाले उपचार खोजेका थिए, जसमा अधिकांश महिला र किशोरीहरू रहेका छन् । तर विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का प्रतिनिधिहरूले यो सङ्ख्या वास्तविक अवस्थाको सानो अंशमात्र भएको सङ्केत गरेका छन् ।

डब्लुएचओको लैङ्गिक हिंसा एकाइकी प्रमुख अवनी अमिनले जेनेभामा आयोजित कार्यक्रममा यौन हिंसाका पीडितहरूले सेवा लिन असाध्यै कठिनाइ भोगिरहेको बताउनुभयो । उहाँका अनुसार असुरक्षा, स्वास्थ्य संस्थामा पुग्न गाह्रो तथा यस्ता घटनासँग जुझ्न प्रशिक्षित स्वास्थ्यकर्मीको अभावले समस्या झनै जटिल बनाएको छ । साथै, सामाजिक कलङ्कका कारण धेरै पीडितहरूले घटना सार्वजनिक गर्ने नसक्ने अवस्था रहेको उहाँले औंल्याउनुभयो । उहाँले भन्नुभयो, "एउटा घटना सार्वजनिक हुने प्रत्येक अवस्थामा अरू धेरै महिलाहरू चुपचाप पीडा सहेर बस्न बाध्य हुने सम्भावना रहन्छ ।"

डार्फर महिला एक्सन समूहकी निमत अहमदीले हिंसापछि उपचार खोज्ने महिलाहरूले सामना गर्नुपरेको भयावह अवस्थाबारे जानकारी दिनुभयो । उहाँका अनुसार सामूहिक बलात्कारपछि धेरै महिलाहरू गम्भीर स्वास्थ्य जटिलता, विशेषगरी फिस्टुलाजस्ता समस्याबाट पीडित हुने गरेका छन् । शान्तिकालमै यस्ता बिरामीका लागि पर्याप्त चिकित्सक नभएको अवस्थामा अहिले त सेवा लगभग शून्यजस्तै भएको उहाँले उल्लेख गर्नुभयो ।

धेरै स्वास्थ्य संस्था लडाकू समूहको नियन्त्रणमा रहेकाले उहाँले अपहरण र बलात्कारपछि बचेका महिलाहरू अस्पताल जानसमेत डराउने गरेको बताउनुभयो । एउटा अस्पतालमा आरएसएफका लडाकूहरूले प्रवेश गरी स्वास्थ्यकर्मीमाथि नै गोली प्रहार र बलात्कार गरेको घटनासमेत उहाँले स्मरण गर्नुभयो । त्यही क्रममा उपचाररत एक प्रसूता (सुत्केरी) को ज्यान गएको उहाँले जानकारी दिनुभयो ।

सुरक्षा जोखिमका कारण अन्तर्राष्ट्रिय सहायता संस्थाहरूको फिर्ता र मानवीय सहयोगमा भएको कटौतीले अवस्था अझ जटिल बनेको उहाँले बताउनुभयो । स्रोत अभावका कारण साना स्थानीय महिला संस्थाहरूले मात्रै सेवा दिनुपरेको र त्यसले जोखिम बढाएको उहाँको भनाइ छ ।

संयुक्त राष्ट्र जनसङ्ख्या कोष (युएनएफपिए) ले पनि सेवाको अभावले पीडितहरूमा गम्भीर असर परेको जनाएको छ । युएनएफपिएका मानवीय प्रतिक्रिया प्रमुख सोको अराकाकीले यौन हिंसापछि ७२ घण्टाभित्र उपचार पाउनु अत्यन्त आवश्यक हुने बताउनुभयो, तर अहिले औषधि र सेवा दुवैको अभाव रहेको स्वीकार गर्नुभयो ।

उहाँले विशेषगरी मानसिक स्वास्थ्य सहयोगको आवश्यकता अत्यधिक बढेको उल्लेख गर्दै पीडितहरूमा गम्भीर मनोवैज्ञानिक समस्या देखिएको बताउनुभयो । उहाँका अनुसार आत्महत्याका घटनाहरूसमेत बढिरहेका छन् । यद्यपि यस्ता घटनाको आधिकारिक विवरण सङ्कलन गर्न कठिन रहेको छ, तर स्थानीय स्रोतहरूले बलात्कारको डर वा त्यसपछि हुने सामाजिक बहिष्कारबाट बच्न महिलाहरूले आत्महत्या गर्ने घटनाहरू बढेको सङ्केत दिएका छन् ।

अवनी अमिनले जीवनरक्षा प्रयाससँगै मानसिक स्वास्थ्य सहयोगलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँका अनुसार यस्ता द्वन्द्वका असरहरू केवल तत्काल नभई दीर्घकालीन र पुस्तौँसम्म रहने खालका हुन्छन् । त्यसैले अहिले नै व्यापक तयारी र समर्थन प्रणाली विकास गर्नुपर्ने उहाँको जोड छ ।

# सरकारले मङ्गलबार पठायो थप तीन वटा

काठमाडौं, १६ वैशाख (सेतोपाटी)। प्रधानमन्त्री बालेन शाह नेतृत्वको सरकारले आह्वान गरिसकेको संसद अधिवेशन स्थगित गर्न लगाएर एकपछि अर्को अध्यादेश जारी गरेको छ ।

यसअघि सोमबार राति दुईवटा अध्यादेश जारी गर्न राष्ट्रपति कार्यालय पठाइएको थियो । मङ्गलबार राति थप तीनवटा अध्यादेश जारी गर्न राष्ट्रपति कार्यालय पठाएको स्रोतले बताएको छ । स्रोतका अनुसार दोस्रो खेपमा मङ्गलबार राति १० बजे राष्ट्रपति कार्यालय पठाइएका अध्यादेशमा स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी अध्यादेश, केही नेपाल कानुन संशोधन गर्न बनेको अध्यादेश र विश्वविद्यालयसम्बन्धी अध्यादेश छन् ।

यसअघि सोमबार राति पहिलो खेपमा संवैधानिक परिषद् र सहकारीसम्बन्धी अध्यादेश पठाइएका थिए ।

राष्ट्रपति कार्यालय स्रोतले पनि सरकारबाट पाँचवटा अध्यादेश आएको पुष्टि गरेको छ । दोस्रो खेपमा पठाइएका अध्यादेशमा केही नेपाल कानुन संशोधन गर्न बनेको अध्यादेश छ । यो अध्यादेशमार्फत सरकारले अन्य जुनसुकै कानुन संशोधन गर्न सक्छ ।

त्यस्तै, विश्वविद्यालयका नियमित काम-कारबाहीमा स्वतन्त्र विद्यार्थी युनियनको भूमिका हटाउन त्यससम्बन्धी कानुन संशोधन गर्नुपर्ने कुरा यसअघि विश्वविद्यालयका उपकुलपतिहरूले सरकारलाई बताएका थिए ।

सरकारले जारी गरेको कार्यसूचीमा विश्वविद्यालयमा राजनीतिक दल सम्बद्ध विद्यार्थी युनियनहरू संलग्न रहने स्ववियु हटाउने उल्लेख छ ।

अध्यादेशमध्ये प्रधानन्यायाधीशसहित संवैधानिक आयोगका पदाधिकारीको नियुक्तिसँग जोडिएको संवैधानिक परिषद अध्यादेश महत्त्वपूर्ण छ । सरकारले आफू अनुकूल नियुक्ति गर्न संसद् अधिवेशन स्थगित गरेर अध्यादेश ल्याएको चर्चा छ ।

अहिले सर्वोच्च अदालतका प्रधानन्यायाधीश, निर्वाचन आयोगका प्रमुख आयुक्तसहित विभिन्न आयोगका पदाधिकारीहरू नियुक्त गर्नुपर्नेछ ।

संवैधानिक परिषदमा ६ जना सदस्य रहने व्यवस्था छ । यसमा प्रधानमन्त्री, प्रतिनिधिसभाका सभामुख, उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रधानन्यायाधीश, प्रमुख प्रतिपक्षी दलका नेता सदस्य रहन्छन् ।

परिषद्का तीन जना सदस्यकै सहमतिमा प्रधानन्यायाधीशसहित संवैधानिक आयोगहरूका पदाधिकारी नियुक्त गर्न सक्ने गरी अध्यादेश ल्याइएको स्रोत बताउँछ ।

# सुकुमवासीको विवरण मागेको विषयमा सेनाले दियो प्रष्टीकरण

काठमाडौं, १६ वैशाख । नेपाली सेनाले विपद् प्रतिकार्य पूर्वतयारीका लागि सुकुमवासीहरूको विवरण मागेको बताइएको छ ।

बुधबार विज्ञप्ति निकाल्दै सामाजिक सञ्जाल तथा सञ्चार माध्यमहरूमा नेपाली सेनाले सुकुमवासीहरूको विवरण माग गरेको सम्बन्धमा स्पष्टीकरण दिएको हो ।

"नेपाली सेनाले विगतका वर्षहरूमा भएका विपद्का घटनाहरूलाई मध्यनजर गर्दै वर्षात्को समयमा बाढी, पहिरो, डुबान र नदी कटानबाट हुनसक्ने जोखिमलाई दृष्टिगत गरी सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गर्दै मानवीय र भौतिक क्षति न्यूनीकरणका लागि विपद् पूर्वतयारीको योजना गर्दै आएको छ", सेनाको विज्ञप्तिमा भनिएको छ ।

सेनाका स्थानीय युनिटहरूले आ-आफ्नो जिम्मेवारी क्षेत्रमा हुनसक्ने विपद्का घटनाहरूमा उद्धार, राहत वितरण र पुनर्स्थापनालाई सहज बनाउने र सम्भावित जोखिम नक्साङ्कन गर्नका लागि तथ्याङ्क सङ्कलन गरिएको बताए ।

"सुकुमवासीहरूको विवरण माग गरेको सम्बन्धमा विभिन्न खबरहरू प्रकाशन र प्रसारण भइरहेको सन्दर्भमा नेपाली सेनाका स्थानीय युनिटहरूले आ-आफ्नो जिम्मेवारी क्षेत्रमा हुन सक्ने विपद्का घटनाहरूमा सुरक्षा फौज तैनाथ भई उद्धार, राहत वितरण र पुनर्स्थापनाका कार्यहरूलाई सहज बनाउने उद्देश्यका साथ सम्भावित जोखिम नक्साङ्कन गर्नका लागि तथ्याङ्क अद्यावधिक गर्ने कार्य गरिएको सबैमा जानकारी गराउँदछौं", विज्ञप्तिमा उल्लेख छ ।

# वर्षाले प्रभावित खेलमा ओमानसँग नेपाल पराजित

काठमाडौं, १६ वैशाख । आईसीसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत बुधबार भएको खेलमा नेपाल ओमानसँग पराजित भएको छ ।

कीर्तिपुरस्थित त्रिवि मैदानमा भएको खेलमा नेपाल १०२ रनले पराजित भएको हो । जितका लागि ३०६ रनको लक्ष्य पछ्याएको नेपाल ३६ दशमलव ५ ओभरमा सात विकेट गुमाएर १५५ रन बनाउँदा वर्षा भएपछि खेल रोकिन पुगेको थियो । त्यसपछि पनि वर्षा नरोकिएपछि खेल सञ्चालन हुन सकेन र 'डीएल मेथड' का आधारमा ओमान विजयी भएको हो ।

नेपाल, यूएई र ओमानबिचको एकदिवसीय शृङ्खलाअन्तर्गत नेपालको यो दोस्रो खेल हो । यसअघि भएको पहिलो खेलमा भने नेपालले यूएईलाई हराएको थियो । अब नेपालले वैशाख १८ गते यूएईसँग खेल्नेछ ।

**संसद...**

अपनाउँछन् ? प्रजातान्त्रिक बाटो छोडेर किन अप्रजातान्त्रिक अभ्यासमा जुटे भनी उनीहरूमाथि प्रश्न गर्न थालेका छन् । के बहुमतको नाउँमा सरकारले जे पनि गर्न पाउनु प्रजातान्त्रिक अभ्यास हो ? कि सरकारमा पुगेपछि सत्तासीन दलका नेता र मन्त्रीहरूलाई यस्तै काम गर्न बाध्य हुन्छ ? संसद् अधिवेशन विशेष कारण देखाई स्थगित गर्नु के अध्यादेश ल्याउनलाई नै हो ?

# सार्वजनिक यातायातको भाडा फेरि वृद्धि

काठमाडौं, १६ वैशाख । इन्धनको मूल्य बढेसँगै यातायात व्यवस्था विभागले पुन: सार्वजनिक यातायातको भाडा वृद्धि गरेको छ । विभागका अनुसार अन्तरप्रदेश सञ्चालन हुने सवारीसाधनमा लागु हुने गरी बुधबारदेखि नयाँ भाडादर कार्यान्वयनमा आएको छ ।

विभागले अन्तरप्रदेश यात्रुवाहक सवारी, पहाडी मार्गमा र तथा तराई क्षेत्रमा सञ्चालन हुने मालवाहक सवारीमा समान रूपमा ५-५ प्रतिशतले भाडा बढाएको उल्लेख गरेको छ । यसअघि चैत २५ गते भाडा समायोजन गरिएको थियो ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले भाडा वृद्धिका लागि १२ वैशाखमा सहमति दिएको थियो । विद्युतीय सवारीसाधनमा भने भाडा वृद्धि गर्न नपाइने र यस्तो गरिएमा कारबाही गरिने चेतावनी दिइएको छ ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा